## पूर्ण इजलास

१

**मा.न्या.श्री तपबहादुर मगर, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५-FN-०१२२, परमादेश, *अच्यूतप्रसाद पोखरेल वि. विष्णुमाया महर्जन*

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कृष्णप्रसाद उपाध्यायको राय :**

गुठी संस्थान ऐन, २०३३ को दफा २७ ले गुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानूनबमोजिम मोहियानी हक पाउने कानूनी व्यवस्था भए तापनि गुठी जग्गाको मोहियानी हकको विषयमा निर्णय गर्ने अधिकार गुठी संस्थानलाई प्रदान गरेको देखिँदैन । अर्थात् प्रत्यर्थी विष्णुमाया महर्जनलाई मोहियानी हकको पूर्जा दिने दायित्व गुठी संस्थानको नभई भूमिसुधार अधिकारीको भएको अवस्थामा कानूनले अधिकारै नभएको निकाय गुठी संस्थानको नाउँमा परमादेशको आदेश जारी गर्न कानूनतः नमिल्ने ।

मोही हक दिने दिलाउने वा यससम्बन्धी प्रश्न समावेश भएको विषय हेर्ने निकाय जिल्ला अदालत नभएको र त्यस्तो मोही हकको दर्ता गरी प्रमाणपूर्जा दिने कार्य गर्ने अधिकारप्राप्त निकाय पनि गुठी संस्थान भएको भन्ने कानूनमा नदेखिएको अवस्था र स्थितिमा त्यस्तो निकायउपर परमादेश जारी हुन नसक्ने ।

**मा.न्या.श्री ताहिर अली अन्सारीको राय :**

पहिलादेखि भई आएको जोताहा मोहीको मरणोपरान्त निजको हक निजका हकवालामा सर्नेसम्बन्धी प्रक्रियागत विवाद मात्र थियो । त्यसकारण पहिलाको मुद्दामा जिल्ला अदालत र पुनरावेदन अदालतको अधिकारक्षेत्र नाघेर मोहियानी विषयको निर्णय गरेको भनी प्रस्तुत मुद्दाबाट बोल्न नमिल्ने ।

दर्ता स्रेस्ता कायम गरी प्रमाणपूर्जा दिने समेतको कार्य अविलम्ब गर्नु गराउनु भनी विपक्षी गुठी संस्थान केन्द्रीय कार्यालय समेतका नाउँमा जारी भएको पुनरावेदन अदालतको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल भदौ १७ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री खिलराज रेग्मी,** २०६१ सालको फौ.पु.नं. ३१७३, ३१८५, ३१८७, ३१८८, ३१८९, भ्रष्टाचार, *नेपाल सरकार वि.चिरञ्जीवी वाग्ले समेत, चिरञ्जीवी वाग्ले समेत वि. नेपाल सरकार, नेपाल सरकार वि. देवेन्द्र वाग्ले वि. नेपाल सरकार, अञ्जु शर्मा वाग्ले वि. नेपाल सरकार, शान्तादेवी वाग्ले वि. नेपाल सरकार*

आर्थिक ऐनले आयकर प्रयोजनको लागि व्यवस्था गरेको र त्यसरी आयकर तिरेको अवस्थामा स्वयं घोषणा गरिएको सम्पत्तिको स्रोतको बारेमा कुनै पनि प्रयोजनको लागि छानबीन नगरिने भनिएको कुरालाई आधार बनाई आयकरबाहेक अन्य कुनै पनि प्रयोजनका लागि समेत समपत्तिको स्रोत खोज्न नसकिने गरी विस्तार गर्न नसकिने ।

अनुसन्धानका क्रममा आएका कुराहरू र प्रतिवादीले प्रमाण पुऱ्याउने गरी आएका कुरा बाहेक अन्य प्रमाणहरूको खोजी गर्ने कार्य पुनरावेदन तहबाट हुन पनि सक्दैन । संकलित तथ्य एवं प्रमाणहरूबाट प्रमाणित हुनुपर्ने र यकीन गरिनुपर्ने विषयमा कोरा अनुमानबाट निर्क्योलमा पुग्न सकिँदैन । न्यायोचित अनुमानको जिकीर लिनेले त्यसका स्पष्ट आधारहरू खुलाउन सक्नुपर्ने ।

कुनै व्यक्तिलाई भ्रष्टाचारको कसूरमा मतियार मान्नका लागि उसले सो कसूरको मुख्य अभियुक्तद्वारा भएको कसूरजन्य कार्यमा प्रत्यक्ष रूपमा सहयोग पुऱ्याएको हुनुपर्ने भन्ने देखिन्छ । मतियार

कायम हुनका लागि कसूरजन्य क्रिया भएको कुराको स्पष्ट जानकारी निजलाई भएको हुनुपर्छ र त्यस्तो क्रिया सम्पन्न गर्नका लागि मुख्य अभियुक्तलाई प्रोत्साहित गरेको, सल्लाह दिएको वा अन्य कुनै पनि किसिमले सघाएको देखिनु पर्ने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम् ।

२

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** रिट नं. ०६५-WO-०४५८, उत्प्रेषणयुक्त परमादेश, *प्रज्ञादेवी बज्राचार्य वि. चैत्यराज शाक्य समेत*

निवेदिकाको एकलौटी हकको कित्ता नं. ६७७ को घर जग्गा लिलाम गर्ने सम्बन्धमा महाबुद्ध ओकुबहाल पेशागत मूर्तिकला कालिगढ सहकारी संस्था लिमिटेडद्वारा प्रकाशित मिति २०६५।९।२८ को सूचना र सोसम्बन्धी कारवाहीहरू बदर गरिदिएको छ । साथै विपक्षीमध्येका ध्रुवराज शाक्यले महाबुद्ध ओकुबहाल पेशागत मूर्तिकला कालिगढ सहकारी संस्था लिमिटेडलाई तिर्नु बुझाउनु पर्ने रकमका लागि यी निवेदिकाका नाममा रहेको कित्ता नं. ६७७ को घरजग्गामा कुनै किसिमको हस्तक्षेप नगर्नु भनी विपक्षीहरूका नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६७ साल मंसिर १४ गते रोज ३ शुभम् ।

३

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** रिट नं. ०६५-WO-०५३२, उत्प्रेषणयुक्त परमादेश, *वैद्यनाथ शर्मा वि. तारा कुमारी शर्मा समेत*

निवेदकले दावी गरेझैं निजभन्दा कम अङ्क प्राप्त गर्ने शिक्षकहरूलाई बढुवा सूचीमा समावेश गरिएको नपाइएको र मूल्याङ्कन फाराममा केरमेट गरिएको अवस्था समेत नदेखिएको हुँदा शिक्षक सेवा आयोगद्वारा कानूनले प्रदान गरेको अधिकारअन्तर्गत बढुवा नतीजा पुनरावलोकन गरी गोरखापत्र दैनिकमा प्रकाशन गरेको मिति २०६५।११।१६ को सूचना र सोसम्बन्धी आयोगको मिति २०६५।११।११ को निर्णयबाट यी निवेदकको संविधान एवं कानूनप्रदत्त हकमा आघात पुगेको अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६७ साल मंसिर १४ गते रोज ३ शुभम् ।

४

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** रिट नं. ०६५-WO-०९४१, उत्प्रेषणयुक्त परमादेश, *डिल्लीप्रसाद ढुंगाना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकलाई सरूवा गर्ने जिल्ला प्रशासन कार्यालय, कास्कीको मिति २०६६।२।२५ को निर्णय र सो आधारमा प्रेषित मिति २०६६।२।२६ को पत्र समेत उत्प्रेषणको आदेशले बदर हुन्छ । साथै आफू मातहतका निजामती कर्मचारीहरूको सरूवा गर्ने अधिकार नेपाल सरकारमा निहीत रहने र आवश्यकताअनुसार सो अधिकार प्रत्यायोजन पनि गर्न सकिने भएकोले निवेदन मागबमोजिम यी निवेदकलाई हाल बहाल रहेको कार्यालयमा नै यथावत् राखी राख्नु भन्ने परमादेश जारी गर्नु परेन । अपितु यी निवेदकलाई निजामती सेवा ऐनको दफा २४घ१ को उपदफा (९) ले तोकेको प्रक्रिया अवलम्बन गरेर मात्र सरूवा गर्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६७ साल मंसिर १४ गते रोज ३ शुभम् ।

५

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** रिट नं. ०६७-WH-००३०, बन्दीप्रत्यक्षीकरण, *रामेश्वर राउत वि. काठमाडौं जिल्ला अदालत समेत*

अदालतको फैसला अन्तिम भई फैसलाले लागेको बिगो तथा जरीवानाबापत्मा कैदमा राख्न कारागारमा पठाइएपछि मात्र क्षेत्राधिकार समेतको प्रश्न उठाई बन्दीप्रत्यक्षीकरणको प्रस्तुत रिट निवेदन लिई अदालत प्रवेश गरेको देखिएको हुँदा अदालतको फैसलालाई अनादर गरी फैसला कार्यान्वयनको प्रक्रियालाई अवरूद्ध तुल्याउने मनसायबाट मात्र रिट निवेदक अदालत प्रवेश गरेको देखिन आयो । यसरी

अदालतबाट भएको फैसलालाई आफ्नो अनुकूल हुने गरी कुनै बखत स्वीकार गर्ने र कुनै बखत चुनौती दिने प्रवृत्तिले कानूनी राज्यको अवधारणा, अदालतको गरिमा एवं Doctrine of Finality of Judgements सम्बन्धी मान्यतालाई अनादर गर्ने हुँदा यस्ता प्रवृत्तिलाई अदालतले प्रोत्साहन गर्न नमिल्ने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

इति संवत् २०६७ साल पुस ५ गते रोज २ शुभम् ।

६

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** रिट नं. ०६७-WH-००५१, बन्दीप्रत्यक्षीकरण, *मृत्युञ्जयकुमार झा वि. महानगरीय प्रहरी वृत्त, बालाजु समेत*

ठगी मुद्दाको अनुसन्धानको क्रममा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५(४) बमोजिम अदालतको आदेशबाट म्याद थप गराई कानूनबमोजिम न्यायिक हिरासतमा राखेको देखियो । बन्दीप्रत्यक्षीकरण गैरकानूनी थुनामा राखेको अवस्थामा जारी हुने विशिष्ट प्रकृतिको रिट भएकोले ठगी मुद्दाको अनुसन्धानको क्रममा कानूनबमोजिम अदालतबाट म्याद थप गरी हिरासतमा राखिएको काम कारवाहीमा बन्दीप्रत्यक्षीकरण जारी हुन नसक्ने ।

इजलास अधिकृत : नारायण सुवेदी

इति संवत् २०६७ साल फागुन १ गते रोज १ शुभम् ।

७

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** दे.पु.नं. २०६४-CI-०९२७, खिचोला मेटाई पर्खाल भत्काईपाऊँ, *राधादेवी राजभण्डारी वि. पदमलक्ष्मी राजभण्डारी*

अदालतको आदेशानुसार भएको विवादको जग्गाको नक्सा मुचुल्काउपर प्रतिवादीले विवाद उठाएको अवस्था समेत नदेखिएको र उक्त नक्सा मुचुल्कामा उल्लिखित विवादित न.नं. १ र ४ को जग्गा वादीको कि.नं. ११ र १५८ भित्रको जग्गा देखिएको विद्यमान अवस्थामा प्रतिवादीले खिचोला गरेको ठहऱ्याई विवादित पर्खाल समेत भत्काई वादीले चलन पाउने ।

इजलास अधिकृत पुनाराम खनाल

इति संवत् २०६७ साल असोज १२ गते रोज ३ शुभम् ।

८

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-CI-०७९७, लेनदेन, *रवीन्द्र श्रेष्ठ वि. मोहनबहादुर राउत*

वादी प्रतिवादीबीच २०५९।३।२ को लिखतबमोजिमको रकमभन्दा कम रकम तिर्न बुझाउन बाँकी रहेको भनी वादीले दावी गरेको अवस्थामा वादी दावी नपुग्ने गरी शुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला उल्टी भई वादी दावीबमोजिम प्रतिवादीबाट रू. ८५,४५९।(- रकम भरिपाउने निर्णय मनासिब हुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल माघ २० गते रोज ५ शुभम् ।

९

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको MS-००२१, अदालतको अपहेलना, *गोपालसुन्दरलाल कक्षपती वि. शशीन जोशी*

कर्जा सूचना केन्द्र लिमिटेडको मिति २०६७।४।३१ को पत्रबाट निवेदक गोपाल सुन्दरलाल कक्षपतीको नाम कालोसूचीबाट हटाइसकेको देखिएको अवस्थामा प्रस्तुत निवेदनको औचित्य समेत समाप्त भएकोले विपक्षी नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड काठमाडौंका कार्यकारी अधिकृत शशीन जोशीले अदालतको अपहेलना गरेको भन्न नसकिने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल माघ २० गते रोज ५ शुभम् ।

१०

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ००९४, कुटपीट, *भूपाल यादव वि. प्रकाश भुजेल समेत*

यिनै प्रतिवादी राजेश तामाङले आफूलाई कुटपीट गरेको भनी सोको पुष्टि हुने गरी तथ्ययुक्त साक्षी प्रमाण पेश गरी प्रतिवादीको प्रतिउत्तर जिकीरलाई खण्डन गर्न सकेको अवस्था देखिन

नआएकोले प्रतिवादी राजेश तामाङको हकमा वादी दावी पुग्न नसक्ने ।
इजलास अधिकृत : हरि कोइराला
कम्प्युटर : शम्भुप्रसाद शाह
इति संवत् २०६७ साल माघ २० गते रोज ५ शुभम् ।

११

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-CR-०२७७, केही सार्वजनिक अपराध, *नेपाल सरकार वि. कृष्णबहादुर कुमाल*

प्रतिवादी कृष्णबहादुर कुमाललाई केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ को (ख)(छ) र (ज) को कसूरमा सोही ऐनको दफा ६(१) बमोजिम रू.२,०००।- जरीवाना हुने ठहर गरेको जिल्ला प्रशासन कार्यालय कास्कीको फैसला उल्टी भै प्रतिवादी कृष्णबहादुर कुमालले अभियोग दावीबाट सफाइ दिने निर्णय मनासिब हुने ।
इजलास अधिकृत : हरि कोइराला
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६७ साल माघ २० गते रोज ५ शुभम् ।

१२

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-CR-०५९०, कुटपीट अंगभंग, *नेपाल सरकार वि. भीमबहादुर श्रेष्ठ*

प्रतिवादी भीमबहादुर श्रेष्ठले सुमन कर्माचार्यलाई रडले हिर्काई निजको दाहिने आँखा फोरी आँखाको हेर्ने शक्ति नष्ट गरिदिएको देखिएको अवस्थामा कुटपीटमा परिणत गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६४।३।३१ को फैसला मिलेको नदेखिँदा उल्टी हुन्छ । मिसिल संलग्न कागज प्रमाणको मूल्याङ्कन गरी कानूनबमोजिम न्याय निरोपण गर्न प्रस्तुत मुद्दा पुनरावेदन अदालत पाटनमा पठाई दिने ।
इजलास अधिकृत : हरि कोइराला
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६७ साल माघ २० गते रोज ५ शुभम् ।

१३

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-CI-१२०३, बहाल दिलाई घर खाली गराई पाऊँ, *मुन्नी हलवाई वि. सुगरा खातुन*

विवादित ०-०-६ जग्गा र सोमा बनेको घर प्रत्यर्थी वादी सुगरा खातुनको हकभोगमा रहेको हुँदा फिराद दावीबमोजिम मासिक रू.३००।- घरभाडा प्रतिवादीबाट वादीलाई दिलाई दिने गरी भएको शुरू बाँके जिल्ला अदालतको फैसला सो हदसम्म केही उल्टी भई विवादित घर जग्गा खाली गराई वादीले चलन समेत चलाई दिने हदसम्म शुरू बाँके जिल्ला अदालतको फैसला सदर हुने ।
इजलास अधिकृत : हरि कोइराला
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६७ साल माघ २० गते रोज ५ शुभम् ।

१४

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६३-CR-०६६८, ०६६९, सरकारी कागज कीर्ते, *जयप्रकाश वरै वि. नेपाल सरकार, मोहम्मद सइद मुसलमान वि. नेपाल सरकार*

कि.नं. ४१६ को ०-९-५ जग्गाको क्षेत्रीय किताबको कैफियत महलमा रहेको "रामदास वैष्णव" को सट्टा मोहम्मद "सइद मुसलमान" सच्याउने कार्यबाट निज मोहम्मद सइद मुसलमानलाई प्रत्यक्ष फाइदा पुगेको देखिन्छ । तर सो सच्याइएको अक्षर निजको नभै प्रतिवादी जयप्रकाश वरैको भएको हुँदा निज मोहमद सइद मुसलमानले नै कीर्ते गरेको भन्न नमिली केवल निजको संलग्नताबाट विवादित कि.नं. ४१६ को ०-९-५ जग्गाको क्षेत्रीय किताबको कैफियत महलमा रामदास वैष्णबको सट्टा मोहम्मद सइद मुसलमान लेखी सरकारी कागज फिल्डबुक कीर्ते गरेको र प्रतिवादी मोहम्मद सइद मुसलमानले उक्त फिल्डबुक कीर्ते गर्न मतियारसम्म रहेको देखिने ।
इजलास अधिकृत : हरि कोइराला
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६७ साल पुस २० गते रोज ३ शुभम् ।

१५

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६३-CR-०५०३, झूट्टा विवरण पेश गरी नेपाली नागरिकता लिने उद्योग गरेको, *नेपाल सरकार वि. केदारप्रसाद यादव समेत*

कुनै व्यक्ति विशेषले मेरो काका भाइको छोरा भनी गरेको सनाखतमात्रले वंशजको नागरिकता प्राप्तिको लागि सिफारिश गर्ने आधार हुन सक्दैन । अतः प्रतिवादीहरू जनकलाल सिँह र केदारप्रसाद यादवको आफ्नो सहीछाप गरी सिफारिश गरिसकेपछि फौजदारी अभियोग लाग्नासाथ जानी बुझी सही गरेको होइन भनी अन्यथा भन्न सक्ने स्थिति रहेन । भारतीय नागरिक सेराफत अली मियाँलाई नेपाली नागरिकताको प्रमाणपत्र लिनको लागि सिफारिश गरेको हुँदा अभियोग माग दावीबमोजिमको कसूर निजहरूले गरेको देखिने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल पुस २० गते रोज ३ शुभम् ।

१६

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६६-WO-०४३१, उत्प्रेषण, *किरण के.सी. समेत वि. शर्मीला के.सी. समेत*

शर्मीला के.सी.का ससुरा सूर्यबहादुर के.सी., सासू प्रेमकुमारी के.सी. एवं देवरहरू किरण के.सी. र रोशन के.सी.समेतसँग निजको पति प्रकाश के.सी. ले कास्की जिल्ला अदालतमा चलेको अंश मुद्दामा मिति २०५८।१०।९ मा मिलापत्र गरी अंश बुझी भिन्न भैसकेको अवस्थामा मिति २०६२।३।३ मा प्रकाश के.सी.सँग विवाह भएकी विपक्षी शर्मीला के.सी. समेतले कास्की जिल्ला अदालतमा २०६४।४।१४ मा दिएको अंश मुद्दामा आफ्नो पति र निवेदकहरू बीच मिति २०५८।१०।९ मा भएको मिलापत्रलाई विवाद उठाई छुट्टी भिन्न भैसकेका निवेदकहरू समेतको नाउँमा रहेको जग्गा, कम्पनी शेयरलगायतका चल अचल सम्पत्ति समेतको तायदाती फाँटवारी माग गर्ने गरी पुनरावेदन अदालत पोखराबाट भएको मिति २०६६।६।२९ को आदेश प्रत्यक्ष कानूनी त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल पुस २१ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६६-WO-०४३२, उत्प्रेषण, *किरण के.सी. समेत वि. शर्मीला के.सी. समेत*
- २०६६-WO-०४३३, उत्प्रेषण, *सूर्यबहादुर के.सी. समेत वि. शर्मीला के.सी. समेत*
- २०६६-WO-०४३४, उत्प्रेषण, सूर्यबहादुर *के.सी. समेत वि. शर्मीला के.सी. समेत*

## इजलास नं. १

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको रिट नं. ०१८२, उत्प्रेषण, *विष्णुदेवी श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले आफ्नो निवेदनमा विपक्षीको योग्यता नपुगेको भनी उल्लेख गरे पनि विपक्षीको वास्तविक शैक्षिक योग्यता कति हो र निजको के कति योग्यता पुगेको छैन भनी स्पष्ट रूपमा खुलाइएको देखिँदैन । यस स्थितिमा निवेदकले आफ्नो निवेदनमा विपक्षीको योग्यता नपुगेको भन्ने व्यहोरा उल्लेख मात्र गर्दैमा अन्य स्वतन्त्र सबूद प्रमाणबाट पुष्टि नभएसम्म त्यसलाई विश्वास गर्न नसकिने ।

इजलास अधिकृत : कृष्णमुरारी सिवाकोटी

कम्प्युटर : मञ्जिता ढुंगाना

इति संवत् २०६७ साल माघ २ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको रिट नं. १०१७, उत्प्रेषण, *सूर्यनारायण साह समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले दावी गरेको स्वास्थ्य सेवासँग सम्बन्धित ऐनमा नै स्वास्थ्य सेवालाई समावेशी बनाउने किसिमबाट कुनै कानूनी प्रावधानको व्यवस्था नगरेको स्थितिमा लोक सेवा आयोगबाट समावेशीतर्फ प्रतिशत निर्धारण गरी विज्ञापन गर्न सक्ने अवस्था नदेखिएकोले निवेदकको मागबमोजिम आदेश जारी

हुनुपर्ने अवस्थाको विद्यमानता देखिन आएन । निवेदन खारेज हुने ।
इजलास अधिकृत : कृष्णमुरारी सिवाकोटी
कम्प्युटर : मञ्जिता ढुंगाना
इति संवत् २०६७ साल माघ २ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको रिट नं. ०१०९, भ्रष्टाचार, *गणेशप्रसाद उपाध्याय घिमिरे वि. नेपाल सरकार*

कुनै अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निजउपर नै रहन्छ । तर यी प्रतिवादीको साथबाट रिसवतबापत् लिएको रकम बरामद भएको अवस्थामा केवल प्रतिवादीले आफूलाई भ्रष्टाचारको कसूरमा फसाउनको लागि नियोजित रूपमा सो कार्य रची झूट्टा आरोप लगाइएको भनी जिकीरसम्म लिएको तर त्यसलाई कुनै वस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित गर्न सकेको समेत नदेखिँदा प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) बमोजिम १ महिना कैद र बिगोबमोजिम रू. ५०००।- जरीवाना हुने ।
इजलास अधिकृत : विष्णुप्रसाद अर्याल
कम्प्युटर : मञ्जिता ढुंगाना
इति संवत् २०६७ साल माघ १८ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रा.डा. भरतबहादुर कार्की,** २०६७ सालको रिट नं. १००३, उत्प्रेषणयुक्त परमादेश, *राजेन्द्रप्रसाद उपाध्याय वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

प्रस्तुत विषयमा रहेको विवाद भनेको न्यायिक प्रकृतिको विवाद नभई प्रशासनिक प्रकृतिको अर्थात् सुकुम्बासी समस्या समाधान, जिल्ला समितिको अध्यक्षको पदाधिकारीको नियुक्ति रद्द गर्ने गरेको विषयको बारेमा रहेको हुँदा त्यस्तो पदाधिकारीको नियुक्ति रद्द गर्ने अधिकार पनि उक्त सुकुम्बासी समस्या समाधान आयोग २०६६ को दफा ५(१)(क) बमोजिम जसले नियुक्ति गर्दछ सो नियुक्ति गर्ने निकाय तथा अधिकारीमा नै त्यस्तो अधिकार अन्तरनिहीत रहेको मान्नुपर्ने ।
इजलास अधिकृत : विष्णुप्रसाद अर्याल
कम्प्युटर : मञ्जिता ढुंगाना
इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६४ सालको रिट नं. ०१२४, उत्प्रेषणयुक्त परमादेश, *लालबाबु राय यादव वि. लक्ष्मी राय यादव समेत*

लेनदेनको विषयमा अदालत प्रवेश गर्नु भन्दा अगाडि नै निवेदकको ऋणी रामेश्वर यादवले आफूले पाउने अंशबापत अन्य अंशियारहरूबाट नगदै रकम बुझी मालपोत कार्यालयमा गई मिति २०६३।९।१४ मा अंश छोडपत्रको कागज समेत पारीत गरेको देखिन आएको अवस्थामा निवेदकले रोक्का राख्न खोजेको त्यस्तो सम्पत्तिमाथि निवेदकको ऋणी रामेश्वर यादवको हक टुटी निज ऋणीको हक सो सम्पत्तिमा नरहनुका साथै त्यस्तो ऋण लिँदाका बखत निवेदक घरको मुख्य व्यक्ति पनि नरहेको र घरको त्यस्तो मुख्य व्यक्तिको मञ्जूरी सहिछाप वा लिखत भएको व्यवहार समेत हो भनी निवेदकले भन्न सकेको समेत नदेखिएको अवस्थामा केवल निवेदन दावी तथा जिकीरकै आधारमा मात्र ऋणीको हकै नलाग्ने त्यस्तो सम्पत्ति रोक्का राख्न न्यायोचित नहुने ।
इजलास अधिकृत : विष्णुप्रसाद अर्याल
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६४ सालको रिट नं. ०४१०, उत्प्रेषणयुक्त परमादेश, *सुमीत्रा पौडेल वि. त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान स्नातक तह प्रवेश परीक्षा सञ्चालक समिति, डीनको कार्यालय समेत*

निवेदिकाले भर्ना हुन पाऊँ भनी दावी लिएको कोटाअन्तर्गत सोही विषयमा आवेदन फाराम भरी प्रवेश परीक्षा दिएका अन्य उम्मेद्वारहरू सो निर्धारित कोटाअन्तर्गतको सिटमा Merit List मा परी

निजहरूको भर्ना समेत भै पठनपाठन समेत सुचारू रूपले सञ्चालन भइसकेको भन्ने उल्लेख भएको देखिन आएको यस्तो अवस्था र स्थितिमा यी निवेदिकाको मागबमोजिम TUTH sponsored कोटामा भर्ना हुन सक्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल
कम्प्युटर : मञ्जिता ढुंगाना
इति संवत् २०६७ साल पुस २० गते रोज १ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६५ सालको स.फौ.पु.नं. CR-०८३२, भ्रष्टाचार, *नेपाल सरकार वि.लोकराज थपलिया*

प्रतिवादी लोकराज थपलियाले दिएको राजीनामा मिति २०५७।८।१ देखि नै स्वीकृत भएको र निजउपर मिति २०६१।७।१६ देखि अनुसन्धान शुरू भएको अवस्थामा मिति २०६३।११।१४ मा मात्र आरोपपत्र दायर भएको देखिँदा प्रस्तुत मुद्दा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४(क) को हदम्याद नघाई दायर भएको देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : उपेन्द्र गौतम
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६७ साल जेठ २५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ०५८४, परमादेश, *सुन्तली धामी (शाह) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदिकाको किटानी जाहेरी र सोही किटानी जाहेरीलाई समर्थन गरी दिएको कागज लगायतका आधारमा सामूहिक गठवन्धनअन्तर्गत गरिएको वारदातमा संकलित उही प्रमाणहरू समेतका आधारमा केही अभियुक्तलाई मुद्दा चलाइएको र नरिमान महत्तराको औंला टोकिएको देखिएको सबूद प्रमाणको विद्यमानता हुँदाहुँदै प्रतिवादी दानसिँह भण्डारी, विरादत्त बढु र नरिमान महत्तरालाई मुद्दा नचलाई हाजिर जमानीमा छाड्ने जिल्ला प्र.का अछाम र जिल्ला सरकारी वकील कार्यालय अछामको मिति २०६६।७।१५ को निर्णयले निवेदिकाको न्याय पाउने हक हनन् हुन गएको देखियो । पीडित सुन्तली धामीलाई न्याय माग्ने हक छ । अरू महिलासरह पीडित सुन्तली धामीले पनि कानूनबमोजिम न्याय पाउनु पर्छ । मुद्दा नचल्ने गरी सरकारी वकीलले गरेको मिति २०६६।७।१५ को निर्णयमध्ये प्रतिवादी दानसिँह भण्डारी, विरादत्त बढू र नरिमान महत्तराको हकमा मुद्दा नचलाउने गरी गरेको हदसम्म उक्त निर्णय बदर गरिदिएको छ, बाँकीको हकमा उक्त निर्णय कायम हुन्छ । अब उल्लिखित प्रतिवादीहरू दानसिँह भण्डारी, बिरादत्त बढू र नरीमान महत्तरा समेतका व्यक्तिहरूलाई समेत मुलुकी ऐन जबर्जस्ती करणीको महलअनुसार अपराध अनुसारको अभियोग लगाई मुद्दा चलाउनु भनी जिल्ला सरकारी वकीलको कार्यालय अछामका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत : दीपक खरेल
कम्पयुटर : बेदना अधिकारी
इति संवत् २०६७ साल मंसिर १५ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६६ सालको रिट नं. ०७४६, उत्प्रेषण, *सुन्तली धामी वि. महान्याधिवक्ताको कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं. ०५९६, निर्णय हक बदर हक कायम, *कुश्माखर चौलागाईं वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नागरिक अधिकार ऐन, २०१२ को दफा १८ मा दफा ८ र ९ को विरूद्ध नेपाल सरकारले कुनै नागरिकको चल, अचल सम्पत्ति अपहरण गरेमा वा नोक्सान पारेमा सो नागरिकले नेपाल सरकारउपर हर्जानासहित आफ्नो सम्पत्ति फिर्ता पाऊँ भनी मात्र पुनरावेदन अदातलमा नालेस उजूर गर्न सक्छ भन्ने कानूनी व्यवस्थाले मात्र यी पुनरावेदकलाई उक्त दफाले हकदैयाको सिर्जना गर्दछ, तर यस विषयमा

सोअनुसारको अवस्था देखिँदैन । दफा ९ लाई दफा ८ ले अपहरण गरेको अवस्थामा मात्र पुनरावेदन अदालतमा नालेस लाग्ने अवस्था हुन्छ । तर यस विषयमा हक अपहरण नभएको र अपहरण भए नै पनि वन तथा मालपोत कार्यालयको निर्णयउपर शुरू मुद्दा हेर्ने क्षेत्राधिकार पुनरावेदन अदालतलाई प्राप्त छैन । त्यसैले फिराद लाग्ने कानूनी व्यवस्था नभएकोले अधिकारक्षेत्रको अभावमा फिराद दावी खारेज हुने ।

इजलास अधिकृत : दीपक खरेल

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६७ साल मंसिर २४ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०३५९, उत्प्रेषणयुक्त परमादेश, *कुश्माखर चौलागाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले जिल्ला वन कार्यालय काभ्रेको मिति २०६०।३।१७ को निर्णयउपरमा मिति २०६०।११।८ मा मात्र पुनरावेदन अदालत पाटनमा फिरादपत्र दायर गरिएकोमा उक्त अदालतबाट मिति २०६१।१२।१९ मा फिराद दावी खारेज हुने ठहर भएको एकातिर देखिन्छ । मिति २०६०।३।१७ को निर्णय बदर गराउन यस अदालतसमक्ष मिति २०६४।६।२३ मा मात्र प्रस्तुत रिट निवेदन गरेको देखिन्छ । यसरी यी रिट निवेदक विरूद्धको निर्णय भएकोमा सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन नगरी फिराद दायर गरेको र समयमा तोकिएको निकायबाट उपचार खोजी आफ्नो हक स्थापित गराउन सक्नुपर्नेमा पुनरावेदनको वैकल्पिक उपचार हुँदाहुँदै सोको मार्ग अवलम्बन नगरी अन्यत्र नै फिराद लिई गई सो फिराद दावी नपुग्ने ठहर भएपश्चात् पनि लामो विलम्ब गरी प्रस्तुत रिट निवेदन लिई आएकोमा आफ्नो हकप्रति उदासीन भई विलम्ब गरी आउनेलाई अदालतले मद्दत गर्न नसक्ने ।

इजलास अधिकृत : दीपक खरेल

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६७ साल मंसिर २४ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं.०६४-WO- ०६०४, उत्प्रेषणयुक्त परमादेश, *प्रयागराज सिँह सुवाल वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकारअन्तर्गत रही नेपाल सरकारले आफ्नो अनुदानमा सञ्चालित श्री ५ इन्द्र राज्यलक्ष्मी देवी प्रसूति गृहको नाम र लोगो परिवर्तन गरी परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल नामाकरण गर्नसक्ने नै देखिँदा र यसरी नाम परिवर्तन गर्दैमा संस्थाको उद्देश्य तथा काम कारवाहीमा कुनै असर परेको नदेखिएको अवस्थामा त्यस्तो निर्णयको वैधानिकतामाथि प्रश्नचिन्ह उठाउनु न्यायिक सिद्धान्त र निष्ठा प्रतिकूल हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साउन २४ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं.०६६-WO-०६६३, उत्प्रेषणयुक्त परमादेश, *अधिवक्ता ज्योती लम्साल पौडेल वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

महिलालाई उनको इच्छाविपरीत अनतिक्रम्य शरीरको पवित्रताको अपहरण गरी जबर्जस्ती करणी गर्नु कानूनविपरीत मात्र होइन गम्भीर अपराध पनि हो । सभ्य मानव समाजले यस्तो कार्यलाई नैतिकताविहीन कार्य मान्दछ । यस्तो नैतिकताविपरीतको कार्यलाई नै नैतिक पतन देखिने फौजदारी अपराध मान्नु पर्ने ।

पीडित महिलाको सहयोगको लागि आवश्यक स्रोत र साधनअनुसार प्रत्येक जिल्लामा पीडित महिलाको लागि एक Counciling Centre को क्रमशः व्यवस्था गर्दै जानु पर्ने ।

अपराध अनुसन्धान गर्ने छुट्टै प्रहरी संगठनको गठन नगरी वर्तमान प्रहरी संगठनबाट नै अनुसन्धान हुने हो भने प्रहरीको पहिलो ध्यान शान्ति कायम गर्नेतर्फ जाने हुँदा अपराध अनुसन्धान सन्तोषजनक नहुन सक्छ ।

यसले गर्दा सबूद प्रमाण लोप हुने मात्र होइन अपराध अनुसन्धान प्रहरीको Priority मा पर्दैन । त्यसैले वर्तमान व्यवस्थामा सुधार गरी अपराध अनुसन्धानका सम्बन्धमा छुट्टै प्रहरी संगठनको गठन हुनुपर्ने ।

बलात्कार पीडितलाई न्याय दिलाउन योजनाबद्ध तरिकाले क्रमश: प्रत्येक जिल्लाका अस्पतालमा आवश्यक प्रविधि, प्रयोगशाला र विज्ञको व्यवस्था तुरून्त गर्नुपर्ने देखिन्छ । यसको लागि बजेटको अभाव, विज्ञको अभाव, कर्मचारीको अभाव भन्ने कुरा Excuse हुन सक्दैन । पीडित महिलालाई न्याय दिलाउन पर्ने सरकारको संवैधानिक कर्तव्य भएको हुँदा प्राथमिकताका साथ उल्लिखित कुराहरूको व्यवस्था गर्नुपर्ने ।

प्रत्येक जिल्ला अदालतले ज.क. मुद्दामा पीडित र पीडितलाई Accompany गर्ने व्यक्तिवादी एवं पीडितका साक्षी एवं प्रतिवादी पक्षका लागि छुट्टै कोठाको व्यवस्था गर्नुपर्ने ।

जबर्जस्ती करणीलगायत सरकारी मुद्दासम्बन्धी ऐनको अनुसूची १ मा परेको सबै मुद्दाको अनुसन्धानको लागि एउटा Manual बन्न आवश्यक देखिन्छ । त्यसको लागि एक विशेषज्ञ समिति बन्न आवश्यक देखिने ।

इजलास अधिकृत : दीपक खरेल

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल मंसिर १५ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं.०६३-WO- ०५७२, उत्प्रेषणयुक्त परमादेश, *ज्ञानेन्द्रमोहन श्रेष्ठ वि. दिनेशकुमार थपलिया समेत*

काठमाडौं जिल्ला अदालतमा चलेको खिचोला मेटाई हक कायम मुद्दाको फैसलाउपर पुनरावेदन अदालतमा पुनरावेदन परी विचाराधीन रहेको भन्ने देखिएको अवस्थामा उक्त विचाराधीन मुद्दाहरूबाट नै साधिकार निकायबाट प्रमाणको मूल्याङ्कन गरी निर्णय हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

इति संवत् २०६७ साल फागुन १ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको WO- ०६७६, उत्प्रेषणयुक्त परमादेश, *रामदयाल यादव वि. पूर्व क्षेत्रीय प्रहरी कार्यालय, विराटनगर समेत*

विनाअनुमति, विनासूचना लामो समय अनुपस्थित रहने निवेदकलाई हरसम्भव खोजतलास गर्ने प्रयास गरी गोरखापत्रमा समेत सूचना प्रकाशित गरी मिति २०६१।८।२१ देखि अनुपस्थित भए पनि २०६२।१।२६ मा मात्र निजलाई भविष्यमा अयोग्य नठहरिने गरी अवकाश दिने निर्णय भएको देखिन्छ । सोउपर निजले पुनरावेदन गर्दा समेत शुरू निर्णय कानूनसम्मत ठहऱ्याई सदर गरेका निर्णयहरूमा कुनै त्रुटि देखिन नआउने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल फागुन १ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. ०६६-WH- ००२३, बन्दीप्रत्यक्षीकरण, *उमेश श्रेष्ठ समेत वि. महानगरीय प्रहरी वृत्त, बालाजु समेत*

निवेदकहरू उमेश श्रेष्ठ र सिजन श्रेष्ठलाई बहुविवाहमा कारवाही गरिपाऊँ भनी लक्ष्मी श्रेष्ठले दिएको जाहेरीका आधारमा विपक्षीहरूले पक्राउ गरी हिरासतमा राखेको र तत्काल दशैं बिदाको कारण अदालत बन्द भई म्याद थप गर्न नसकिएको भन्ने देखिएकोमा यस अदालतबाट निवेदकहरूलाई हाजिर जमानीमा छाडी दिने भनी मिति २०६७।६।२९ मा भएको आदेशानुसार निवेदकहरू उमेश श्रेष्ठ र सिजन श्रेष्ठ थुनामुक्त भैसकेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल मंसिर १० गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ०५२१, उत्प्रेषण

समेत, *अधिवक्ता नारायणप्रसाद देवकोटा वि. स.प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

प्राकृतिक स्रोतको स्वामित्व राज्यमा रहन्छ। स्वामित्व राज्यमा रहने भए पनि प्राकृतिक स्रोतको राज्य Trustee सम्म मात्र हो। प्राकृतिक स्रोतको उपयोग गर्दा वातावरणलाई प्रतिकूल प्रभाव नपर्ने हदसम्म मात्र गर्नुपर्ने।

वातावरण प्रदूषण वास्तवमा राज्यको खराब Socio–Economic Policy को कारण नै हुने हो। यदि यस पुनीत कार्यमा कार्यपालिकाले आफ्नो संवैधानिक कर्तव्य पालना गर्न ढिलाई गर्छ वा पछि पर्छ भने नागरिकहरूको मौलिक हकको Guardian अदालत चूप लागेर बस्न हुदैन। वातावरण जोगाउने यस अदालतले पाएको Constitutional Mandate पूरा र पालना गर्नुपर्ने।

प्राकृतिक स्रोतको खोजतलास, उत्खनन् उत्पादन बिक्री वितरण आदि गर्न कसैलाई इजाजत अनुमति दिनु अगाडि कानूनले राज्यलाई केही कर्तव्य तोकेको छ। त्यो कार्य राज्यबाट पूरा हुनुपर्ने।

सबै नेपालीको साझा सम्पत्तिको रूपमा रहेको प्राकृतिक स्रोत कुनै एक व्यक्तिको स्वामित्व हुन नसक्नुका साथै त्यस्ता प्राकृतिक स्रोतको प्रयोग गर्दा वातावरणलाई प्रतिकूल प्रभाव नपार्ने गरी सार्वजनिक हित हुने कार्यमा मात्र प्रयोग हुनुपर्ने।

प्राकृतिक स्रोतलाई व्यापारिक प्रयोग गर्न दिँदा पहिलो र महत्वपूर्ण कुरा वरपरका वस्ती, वन जंगल, वातावरण नजिकका स्कूल अस्पताल लगायत अन्य संवेदनशील संस्था तथा जनतालाई असर नगरी मात्र गर्ने अनुमति दिनुपर्ने।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६७ साल साउन २१ गते रोज ६ शुभम्।

११

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-WO-०७४९, उत्प्रेषण, परमादेश, *आइराज शाह वि. पदमज्योती समेत*

अधिकार र कर्तव्य जहिले पनि सापेक्षित हुन्छ। अधिकारको दावी गर्नेले कर्तव्यच्यूत भएको छ भने उसले अधिकार प्रयोग गर्न पाउँदैन, कर्तव्य पूरा गर्नेलाई अधिकारबाट बञ्चित गरिएको छ भने मात्र त्यो विषय उपचार प्राप्त गर्न योग्य हुन्छ। निष्पक्षरूपमा अधिकारको मात्र दावी गर्न यी निवेदकले गर्न सक्ने स्थिति देखिँदैन। तोकिएको कार्यालयमा गै नियमितरूपमा काम गर्दागर्दै पूर्वाग्रही भएर व्यवस्थापनले यिनलाई हटाएको यिनको दावी तथ्यपरक नदेखिने।

कम्पनीले पूर्वाग्रह तरिकाले नभई लामो समयदेखि कम्पनीमा अनुपस्थित रही कर्तव्य पूरा नगरी खराब आचरण गर्ने कर्मचारीलाई कम्पनीले सेवामा भविष्यमा अयोग्य ठहर्ने गरी सेवाबाट हटाउने गरी भएको कम्पनीको मिति २०६३।४।८ को निर्णय तथा सोलाई सदर गर्ने श्रम अदालतको मिति २०६६।७।२५ को फैसलामा प्राकृतिक न्यायको सिद्धान्त तथा कुनै कानूनी त्रुटि नदेखिई पर्याप्त सुनुवाइको मौका प्रदान गरी कानूनको रीत पुगेकै देखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : भास्कर पंगेनी
इति संवत् २०६७ साल फागुन ३ गते रोज ३ शुभम्।

१२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६३ सालको रिट नं. ०११०३, उत्प्रेषणयुक्त परमादेश, *लवकुमार ताम्राकार वि. आन्तरिक राजश्व विभाग समेत*

आयकर ऐन, २०५८ तत्कालीन संविधानको धारा ७३ अन्तर्गत बनेको र आर्थिक ऐन, २०६६ नेपालको अन्तरिम संविधान २०६३ को धारा ८९ अन्तर्गत बनेको हुँदा निवृत्तिभरणमा १ प्रतिशत कर लगाउने गरी विधायिकाद्वारा कानून बनाएर लगाइएको करको वैधानिकता माथि प्रश्न उठाउन पाउने देखिन आउँदैन। यसरी संवैधानिक व्यवस्थाको अन्तर्गत रहेर निवृत्तिभरणको रकमलाई करको दायरामा ल्याई त्यस्तो रकममा १ प्रतिशत कर लगाउने व्यवस्था गरेको आर्थिक ऐन, २०६६ लाई Valid Legislation नै मान्नुपर्ने। कानून बनाई कानूनको आधारमा राज्यले कर लगाउन र कर

असूल गर्न पाउने राज्यको अधिकारमाथि हस्तक्षेप गर्न नमिल्ने ।
इजलास अधिकृत : दीपक खरेल
कम्प्युटर : बिपनादेवी मल्ल
इति संवत् २०६७ साल माघ २३ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** फौ.पु.नं. २०६३-CR-०५१५, जालसाजी, *उमा बराल वि. सम्झना खनाल (शर्मा)*

प्रस्तुत मुद्दामा वादीको दावी पुग्न नसक्ने गरी शुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०५८।६।९ मा भएको फैसला पुनरावेदन अदालत पाटनबाट मिति २०६३।६।३१ मा बदर भई पुन: जे जो बुझ्नु पर्छ बुझी निर्णय गर्नु भनी दुबै पक्षलाई तारेख तोकी मिसिल शुरू काठमाडौं जिल्ला अदालतमा पठाएकोमा काठमाडौं जिल्ला अदालतबाट फिराद फिर्ता लिइसकेको र पुनरावेदक प्रतिवादीका तर्फबाट यस अदालतबाट तोकिएको मिति २०६६।६।२१ को तारेख गुजारी बसेको समेत देखिएबाट प्रस्तुत पुनरावेदिकाको सन्दर्भमा थप विचार गरिरहनु नपर्ने ।
इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल मंसिर १९ गते रोज १ शुभम् ।

- यसै लगाउको दे.पु.नं. २०६३-CI-०९२३, लिखत बदर, *उमा बराल वि. सम्झना खनाल (शर्मा)* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. २०६३-CI-०९७१, १०१०, दर्ता नामसारी, *गणेशकुमार सुवाल वि. योगेन्द्रराज बज्राचार्य समेत, फणिन्द्रप्रसाद दाहाल वि. योगेन्द्रराज बज्राचार्य समेत*

विवादको जग्गा वादी दावीबमोजिम निजी गुठी हो वा राजगुठी के हो भन्ने प्रमाणहरू तथा रैकर परिणत भइसकेको भन्ने जिकीर लिएतर्फ समेत सम्बद्ध प्रमाणहरू बुझी समुच्चा प्रमाणको मूल्याङ्कन गरी पुनरावेदन अदालत आफैंले गर्नुपर्ने ।
इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६७ साल मंसिर १९ गते रोज १ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** २०६५ सालको रिट नं. ०६४-WO-०८९२, प्रतिषेध समेत, *मनिषकुमार अग्रवाल वि. जिल्ला प्रशासन कार्यालय, नवलपरासी समेत*

चिनी कारखानामा शान्ति सुरक्षा भंग हुन गै तत् अवस्थाहरूलाई उखुको मूल्य सहज भुक्तानी नभै चिनी कारखानामा शान्ति सुरक्षा भंग हुन गै तत् अवस्थालाई विचार गरी जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयबाट औद्योगिक शान्ति कायम गर्न उद्योगको तर्फबाट निवेदक तथा विवादरत अन्य पक्षलाई झिकाई छलफल इत्यादिसम्म गरेको स्थितिमा मिति २०६४।०६५ को घटनाका सम्बन्धमा हाल २-३ वर्ष पछिसम्म पनि सोही अशान्तिपूर्ण स्थिति नरहने र स्थिति परिवर्तन भैसकेको हुँदा रिट निवेदन मागबमोजिमको प्रतिषेध लगायतको आदेश जारी गरिरहन नपर्ने ।
इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल असोज १८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५-WO-४१५, उत्प्रेषणयुक्त परमादेश, *गोवर्द्धन जोशी वि. मानबहादुर रावल समेत*

रिट निवेदक गोवर्द्धन जोशीलाई नेपाल कृषि सेवा कृषि प्रसार समूहअन्तर्गत जिल्ला कृषि विकास कार्यालय डोटी सिलगढीको प्राविधिक सहायक (राजपत्र अनंकित प्रथम) पदमा बढुवा गर्ने बढुवा समितिको सचिवालय, जिल्ला प्रशासन कार्यालय

डोटी सिलगढीको मिति २०६५।४।१० को निर्णय बदर गरी निवेदकलाई ऐनको दफा २४घ१ बमोजिम विशेष बढुवा पाइसकेको भनी विपक्षी मानबहादुर रावलले बढुवा पाउने गरी पुनरावेदन अदालत दिपायलका रजिष्ट्रारबाट मिति २०६५।८।२९ मा भएको निर्णय निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५० को कानूनी व्यवस्थाको विपरीत त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।
इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल माघ ११ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५-WO-५६८, उत्प्रेषणयुक्त परमादेश, *गोर्कीप्रसाद श्रेष्ठ वि. जयमाता भगवती बचत तथा ऋण सहकारी संस्था लिमिटेड, डल्लु समेत*

जिल्ला अदालतमा अंश मुद्दा परेको सम्पत्ति देखाई तथ्य लुकाई, ऋणको माग गरेको कुरा विपक्षी जयमाता भगवती बचत तथा सहकारी संस्था लिमिटेडले जानकारी पाएपछि ऋणको सुरक्षण हुन नसक्ने भनी ऋण प्रवाह नगरेको कार्यबाट निवेदकको संविधान र कानूनद्वारा प्रदत्त मौलिक हकमा आघात परेको अवस्था नदेखिने ।
इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल माघ ११ गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४-WO-७५८, उत्प्रेषण समेत, *जगदीश अग्रवाल वि. ठूला करदाता कार्यालय, हरिहर भवन ललितपुर समेत*

ठूला करदाता कार्यालय ललितपुरको कर संशोधित आदेशउपर प्रशासकीय पुनरावलोकन समेतको कानूनले निर्दिष्ट गरेको प्रक्रियामा निवेदक प्रवेश गरी वैकल्पिक उपचारको मार्ग अवलम्बन गरेको, नेपालमा स्थापित भएको निवेदक कम्पनीले आफ्नो उत्पादन भारतमा बिक्री वितरण गर्न नियुक्त गरिएको Agent लाई नेपालकै स्रोतबाट भुक्तानी गरिएको रकममा आयकर ऐन, २०५८ बमोजिम कर कट्टा गर्न मिल्ने नै देखिएको र निवेदक कम्पनीले Sale Commission बापत भुक्तानी गरिसकेको रकममा कर कट्टा गरेकोले निवेदकलाई त्यसबाट प्रत्यक्ष असर परेको नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।
इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल असार १७ गते रोज ५ शुभम् ।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६४-WO-०७५५, उत्प्रेषण समेत, *जगदीश अग्रवाल वि. ठूला करदाता कार्यालय, हरिहर भवन ललितपुर समेत*
- २०६४-WO-०७५६, उत्प्रेषण समेत, *जगदीश अग्रवाल वि. ठूला करदाता कार्यालय, हरिहर भवन ललितपुर समेत*
- २०६४-WO-०७५७, उत्प्रेषण समेत, *जगदीश अग्रवाल वि. ठूला करदाता कार्यालय, हरिहर भवन ललितपुर समेत*

५

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०४८६, CI-०३०१, CI-०३०२, अंश चलन, *मुनादेवी कोइराला समेत वि. तृप्ती कोइराला, तृप्ती कोइराला समेत वि..मुनादेवी कोइराला समेत, कमलप्रसाद कोइराला समेत वि. कुमुद कोइराला समेत*

कि.नं. ६९५, १३७९, १३८१ जग्गाहरू राजीनामा लिखतबाट प्रतिवादीहरूको नाममा आएको देखियो । त्यस्तै कि.नं. १०४ जग्गा सगोल परिवारभित्रै सासू मुनादेवी कोइरालाबाट हालैको बकसपत्र पाएकोमा पैतृक सम्पत्तिमा सबै अंशियारको भाग लाग्ने हुँदा कि.नं. १०४ र उपरोक्त राजीनामाबाट खरीद गरेका ६९५, १३७९, १३८१ जग्गाहरू सबै अंशियारमा बण्डा लाग्ने ।
इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल मंसिर १५ गते रोज ४ शुभम् ।

## इजलास नं ५

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. ०४११, धर्मलोप, *रामकिसुन दास वि. रामस्वार्थ यादव समेत*

आफूले एक पटक कुनै मुद्दामा लिखितरूपमा स्वीकार गरेको तथ्यलाई अर्को मुद्दामा आफैंले खण्डन गरी व्यक्त गर्न नमिल्ने र उक्त कुराले विवन्धनको सिद्धान्तअनुसार निज प्रतिवादीलाई रोक लाग्न जान्छ। प्रतिवादीले फिरादमा उल्लिखित जग्गाहरू आफ्नो निजी दर्ता हकभोगको भने पनि उक्त जग्गाहरू १९८३ सालको विलोवन्दीमा रै.नं. १०९ रामअधीनदास भनी जनिएको मिसिल संलग्न प्रमाण कागजबाट देखिन्छ। त्यस्तै दावीका जग्गाहरू साविक महन्त रामअधीनदास हुँदै महन्त बालबोध दासबाट यी पुनरावेदकको नाममा आएको देखिएको अवस्थामा वादीका जग्गाहरू कबीरकुटीका जग्गा नभए अथवा गुरूको नामबाट चेलाको नाताबाट निजका नाममा भए कुन स्रोतबाट कसरी निजलाई प्राप्त हुन आएका हुन् निज प्रतिवादीले तत्सम्बन्धी तथ्यपूर्ण एवं ठोस प्रमाण गुजार्न सकेको नपाइने।

पुनरावेदक प्रतिवादीले चेलाको नाताले प्राप्त गरेको कबीरपन्थी कुटीको जग्गा अन्यत्र हक हस्तान्तरण गरी धर्म कार्यमा बाधा पुऱ्याएको माथि विवेचित प्रमाणहरूबाट प्रमाणित हुन आएकोले धर्मलोप गरेको ठहर्ने।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
इति संवत् २०६७ साल भदौ २१ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६४ सालको फौ.पु.नं. ०३१८, जालसाज, *रूदल यादव वि. रामस्वार्थ यादव समेत*
- २०६४ सालको दे.पु.नं. ०४१२, लिखत दर्ता बदर दर्ता, *रूदल यादव वि. रामस्वार्थ यादव*
- २०६४ सालको दे.पु.नं. ०४१३, बकसपत्र बदर दर्ता बदर दर्ता, *रूदल यादव वि. रामस्वार्थ यादव समेत*
- २०६४ सालको दे.पु.नं. ०४१४, लिखत दर्ता बदर दर्ता, *रूदल यादव वि. रामस्वार्थ यादव समेत*

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६५-CR-०२२४, जबर्जस्ती करणी, *नेपाल सरकार वि. जोगिन्द्र साह समेत*

प्रतिवादीहरूले पीडितलाई मुलुकी ऐन, जबर्जस्ती करणीको १ नं. प्रतिकूल अभियोग दावीबमोजिम जबर्जस्ती करणी गरेको पुष्टि एवं प्रमाणित हुन आएकोले यी प्रत्यर्थी प्रतिवादीहरू कसूरदार ठहर्ने।

इजलास अधिकृत : पुष्प थपलिया
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल पुस १२ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्य. श्री कृष्णप्रसाद उपाध्याय,** ०६४-CI-०७४०, भोगाधिकार स्वीकृति निर्णय बदर, *पदम परियार वि. भीमप्रसाद पोखरेल समेत*

विवादित जग्गामा आफ्नो हक देखिने आधारभूत प्रमाण पुनरावेदक वादीले एकातर्फ पेश गर्न नसकेको र अर्कोतर्फ निजले विवादित जग्गा नवदुर्गा भगवती मन्दिरले भोगी आएको भनी सरजमीनमा बसी सहीछाप समेत गरेको देखिन्छ। पुनरावेदकले आफू लेखपढ गर्न नजान्ने मानिस हुँदा कहाँ सही गराए थाहा छैन भनी जिकीर लिएको भए तापनि सरजमीनमा परेको सहीछाप मेरो होइन भनी ठोस प्रमाण साथ खण्डन गर्न सकेको नपाइदा दावी पुग्न नसक्ने।

इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल पुस १२ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** ०६५-WO-०७२८, उत्प्रेषण समेत, *भूपेन्द्र बोहरा वि. सैनिक विशेष अदालत मुकाम नेपाली सैनिक मुख्यालय समेत*

निवेदकउपर भएको कारवाहीमा Court of Inquiry र समरी जनरल सैनिक अदालतको गठन विधिमा कुनै कानूनी त्रुटि नदेखिई सैनिक अदालत नियमावली, २०६४ र सैनिक ऐन, २०६३ बमोजिम नै Court of Inquiry र समरी जनरल अदालत गठन भएको देखिएको र समरी जनरल सैनिक अदालत र सैनिक विशेष अदालतको फैसलामा समेत कुनै तथ्यगत एवं क्षेत्राधिकारसम्बन्धी त्रुटि नदेखिएकाले निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल असोज ११ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** ०६५-CR-०३३१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देवी गुरूङ्ग समेत*

मृतकलाई मार्ने कार्यमा प्रतिवादी देवी गुरूङ्गको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता रहेको तथ्य मिसिल संलग्न प्रमाण कागजबाट स्वतन्त्र रूपमा स्थापित हुन सकेको पनि देखिदैन । प्रतिवादी देवी गुरूङ्गले मृतकलाई कुटेको वा मर्ने स्थितिसम्मको कुनै काम गरेको भनी पुष्ट्याई गरी वादी पक्षले दावी लिन सकेको अवस्था मिसिलबाट देखिदैन । पर्याप्त र ठोस प्रमाणहरूद्वारा प्रतिवादी देवी गुरूङ्गउपरको अभियोग कसूरको पुष्ट्याई हुन नसकेको अवस्थामा प्रतिवादीलाई बिना आधार मनोगत रूपमा अभियोग दावीकै आधारमा कसूरदार ठहऱ्याउनु न्यायोचित नदेखिने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल जेठ २४ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६३-WO–०३२३, उत्प्रेषणयुक्त परमादेश समेत, *पञ्चु लामा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिँहदरवार समेत*

रिट निवेदकहरूको सरूवा बदर भएको यकीन भएको नदेखिएको एवं निजहरूको सरूवा कानूनले निर्धारण गरेअनुसार हुनसक्ने देखिनाले समेत निवेदन मागबमोजिमको आदेश जारी गर्न उपयुक्त एवं कानूनसम्मत नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल भदौ १३ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६३-CI-१२५५, अंश, *रामदेव गोडिया वि. लक्ष्मीराम गोडिया समेत*

श्यामदेवको मृत्युपछि निज बसन्ती पुनः आफ्नो पहिलेको पति प्रत्यर्थी प्रतिवादी राममिलनसँग वैवाहिक सम्बन्ध कायम गरी बसेको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएकोले निज बसन्तीले राममिलनसँग अंश पाउने हुँदा श्यामदेवको अंश लिन नपाउने ।

वादी रामदेव गोडिया तथा प्रतिवादीहरू राममिलन गोडिया एवं लक्ष्मीराम गोडिया समेत गरी हाल निजहरूको परिवारमा तीन अंशियार मात्र देखिन आएको र कुनै स्वास्नी मानिसको एक समयमा कुनै व्यक्तिसँग मात्र वैवाहिक सम्बन्ध कायम हुने र निजले त्यस्तो वैवाहिक सम्बन्ध कायम रहेको पतिसँग मात्र अंश पाउने कानून एवं न्यायसंगत हुने देखिनाले पुनरावेदक वादी रामदेव गोडियाले प्रत्यर्थी प्रतिवादीहरूबाट तीन भागको एकभाग अंश पाउने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल माघ ९ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-CR-०१३९, जालसाजी, *नन्दकिशोर बनिया वि. हजारीलाल बनिया समेत*

वादीले बिरामी बाबु कञ्चन बनियालाई झुक्याई विवादित लिखत पारित गराएको भनी जिकीर लिएको भए पनि सो विषयलाई निज कञ्चन बनियाले आफ्नो जीवनकालमा चुनौती दिन नसकेको र सो तथ्यलाई पुष्टि गर्ने निश्चयात्मक प्रमाण यी पुनरावेदक वादीले पेश गर्न सकेको पनि पाइँदैन ।

अर्कोतर्फ दुबै पक्ष उपस्थित भई लिखतको मतलब परिणाम समेत सम्झाई सरकारी कार्यालयबाट लिखत पारीत गर्ने गरी भएको काम कारवाहीलाई झुक्याई गराएको जालसाजीपूर्ण कार्य भन्न नमिल्ने ।
इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०६५-CR-०१५८, जालसाजी, *कृष्ण बनिया वि. हजारीलाल बनिया समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६४-CI-०६४४, घर भत्काई उठाई चलन, *उत्तमप्रसाद चौरसिया वि. राजेश्वर गिरी*

प्रत्यर्थी वादीको कि.नं. ९७ को दक्षिण पूर्वमा विवादित न.नं. ४ को घर बनाएको देखिएको छ । जसले गर्दा प्रत्यर्थी वादीको कि.नं. ९७ को हालको जग्गाको स्वरूप र सर्भे नापी हुँदाको बखतको जग्गाको स्वरूप नै फरक हुन आएको अवस्था छ । यस्तो स्थितिमा पुनरावेदन अदालत हेटौंडाको उपर्युक्त तथ्य एवं सबूद प्रमाणहरूको विवेचना गरी न.नं. ४ को क्षेत्रफल ०-०-१-१० मा बनेको विवादित घर पुनरावेदक प्रतिवादीले प्रत्यर्थी वादीको कि.नं. ९७ को जग्गा खिचोला गरी निर्माण गरेको देखिँदा विवादित न.नं. ४ को घर भत्काई वादीले चलन समेत पाउने ।
इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६४-CI-०६४३, नम्बरी जग्गा एवं सार्वजनिक बाटो खिचोला मेटाई चलन, *उत्तमप्रसाद चौरसिया वि. राजेश्वर गिरी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१०

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ३३४५, उत्प्रेषण, *प्रेम लामा वि. खाँदबारी नगरपालिकाको कार्यालय, खादबारी समेत*

नगरपालिका बोर्डले बोलपत्र स्वीकृत गरी सम्झौता गर्न सूचना पाएपछि पनि यी निवेदक बोलपत्रबमोजिम ठेक्का सम्झौता गर्न नगएको स्पष्ट देखिएको र सम्झौता गर्न नसक्ने भनी मिति २०६२।१०।१ को निवेदक कम्पनीको पत्र समेतबाट स्वीकार गरिएको अवस्थामा स्थानीय निकाय (आर्थिक प्रशासन) सम्बन्धी नियमावली, २०५६ को नियम ६८ को उपनियम ३ बमोजिम निवेदक कम्पनी पी.एण्ड पी. सप्लायर्स (प्रा) लि. को बैंक ग्यारेण्टीबापतको रकम जफत गरी सो रकम आफ्नो राष्ट्रिय वाणिज्य बैंक खाँदबारी स्थित खातामा जम्मा गरिदिने गरी राष्ट्रिय वाणिज्य बैंक मुख्य शाखा कार्यालयलाई लेखिएको पत्र र सो सम्बन्धमा भएको निर्णय कानूनअनुरूपकै देखिँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृत : कृपासुर कार्की
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल साउन १७ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट निवेदन नं. ३१७८, उत्प्रेषण, परमादेश समेत, *होमकुमारी राना वि. सागरमणि पाठक समेत*

यी निवेदक र विपक्षीबीच जग्गा अंशबापत पाउने गरी मिलापत्र भइसकी प्रस्तुत रिट समेत निष्प्रयोजन भइसकेकाले रिट खारेज गरिपाऊँ भनी मिलापत्रको प्रतिलिपि समेत पेश गरेको र निवेदकका कानून व्यवसायीले समेत सो कुरालाई समर्थन गरी आफू इजलाससमक्ष उपस्थित भई सोही व्यहोराको लिखित निवेदन दिएको हुँदा प्रस्तुत रिट निवेदनको प्रयोजन नरहेकाले रिट निवेदन खारेज हुने ।
इजलास अधिकृत : कृपासुर कार्की
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ साल साउन १७ रोज २ शुभम् ।

१२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको दे.पु.नं. ८४२३, खिचोला मेटाई निकास बाटो खोलाई पाऊँ, *खड्गबहादुर खत्री क्षेत्री वि. सुमीत्रादेवी के.सी.*

दुबै जनाको अंशको जग्गाको बीचमा अवस्थित रहेको देखिएको र निजहरू दुबैको जग्गाको जग्गा दर्ता स्रेस्ताअनुसारको क्षेत्रफल कायम नरही दुबैको क्षेत्रफल घटेको अवस्थामा सो बाटो दुबैको जग्गा क्षेत्रमा निर्माण गरिएको र दुबैको प्रयोगमा रहेको भनी अदालतले तर्कसंगत अनुमान गर्नुपर्ने हुन्छ । अदालतको सो अनुमान खण्डन हुने तथ्यपूर्ण प्रमाण प्रत्यर्थी प्रतिवादीबाट पेश हुन नआएको अवस्थामा उक्त न.नं. ११ को विवादित बाटोमा वादी एवं प्रतिवादी दुबैको समान भोगाधिकार रहेको मान्नुपर्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल पुस १३ गते रोज ३ शुभम् ।

१३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६३-CI-०८५२, खिचोला समेत, *एलिना रावत वि. तेजकुमार श्रेष्ठ*

आफूले खरीद गरेकोभन्दा बढी र कित्ताकाट गर्दा नक्सामा देखाइएको जग्गाको आकृति, स्वरूप र क्षेत्रफलभन्दा अन्य आकृति र क्षेत्रफलको जग्गा प्रतिवादीले दावी र भोग गर्न मिल्ने हुँदैन । प्रतिवादीले खरीद गरेकोभन्दा पृथक स्वरूपको जग्गा र बढी क्षेत्रफल समेत हुने गरी उक्त न.नं. ३ को पर्खाल र गेट बनाएको देखिएको र सोबाट वादीको जग्गाको आकृति, स्वरूप र क्षेत्रफल पृथक भई घट्न गएको समेत हुनाले उक्त न.नं. ३ को क्षेत्रफल ०-०-०-२ (२ दाम) जग्गा क्षेत्रसम्ममा प्रतिवादीले खिचोला गरेको देखिने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल पुस १३ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६३-WO-४४१, उत्प्रेषण, *राजु के.सी. वि. मु.स. गर्ने श्रीगेन्द्र प्रधानाङ्ग समेत*

मध्यस्थको प्रक्रियामा सामेल हुन नसकेका वा प्रतिवाद पेश गर्ने अवसर नपाएका प्रतिवादीले पनि मध्यस्थको निर्णय बदर गराई पाउने बारेमा मध्यस्थता ऐनको दफा ३०(१) अनुसार पुनरावेदन अदालतमा निवेदन दिन नपाउने अर्थ गर्ने हो भने एकातर्फ विवादको अर्कोतर्फ पक्ष वा विपक्षीको रूपमा देखाइएको व्यक्ति न्यायमा सहज पहुँचसम्बन्धी शाश्वत अधिकारबाट बञ्चित हुने र घोर अन्यायमा पर्ने अवस्थाको पनि सिर्जना हुन सक्छ भने अर्कोतर्फ मध्यस्थको निर्णय बदर हुने वा गराउन सक्ने आधारको रूपमा रहेको मध्यस्थता ऐनको दफा ३०(२)(ग) को व्यवस्था निष्क्रिय तथा प्रयोजनहीन हुने ।

मध्यस्थताको प्रक्रियाको बारेमा सूचना प्राप्त गरको थियो भनी विश्वास गर्नसक्ने पर्याप्त र विश्वसनीय आधार प्रमाण देखिएको अवस्थामा प्रतिवाद नगर्ने पक्षले उक्त ऐनको दफा ३०(१) अनुसारको मध्यस्थको निर्णय बदर गराउन पुनरावेदन अदालतमा निवेदन दिन पाउने अवस्था नरहने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल साउन १७ गते रोज २ शुभम् ।

१५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ८९६, ५८१, करारबमोजिम रकमको क्षतिपूर्ति दिलाई पाऊँ, *अध्यक्ष, सञ्चालक समिति, अमर आदर्श माध्यमिक विद्यालय, बानेश्वर समेत वि. कृष्णबहादुर श्रेष्ठ, कृष्णबहादुर श्रेष्ठ वि. अध्यक्ष, सञ्चालक समिति, अमर आदर्श माध्यमिक विद्यालय, बानेश्वर समेत*

करार उल्लंघन हुँदा प्राप्त हुने क्षतिपूर्ति भनी करारमा उल्लेख गरिएको रकम करारको एक पक्षले करारको उल्लंघन हुँदा अर्को पक्षलाई पुग्न गएको वा पुग्ने व्यावसायिक हानि नोक्सानीको वास्तविक क्षतिपूर्तिको पूर्वानुमान भन्दा अत्याधिक देखिएको अवस्थामा यसरी तोकिएको रकमले जरीवानाको रूप लिन हुन्छ र यस्तो रकम अदालतले नभराउने ।

करार उल्लंघनबाट पुग्न गएको क्षतिपूर्तिको रकम वादी पक्षले प्रमाणित गर्न नसकेको वा प्रमाणित रकम अत्याधिक र बेमुनासिब देखिएको अवस्थामा

पनि करारमा लेखिएको रकम क्षतिपूर्तिबापत भराउँदै जाने हो भने दुई व्यक्तिबीचको निजी कारोवारमा अदालतले जरीवाना भराउने नियम निर्माण गरेको अवस्था हुनसक्ने ।

करार उल्लंघनबापत क्षतिपूर्ति दावी गर्ने पक्षले क्षतिपूर्तिबापत माग गरिएको रकम करारको उल्लंघनबाट हुन गएको नोक्सानीको वास्तविक र मुनासिब रकम हो भन्ने सम्बन्धमा अदालतलाई सन्तुष्ट गराउने आधार, कारण र प्रमाण पेश गर्नुपर्ने ।

क्षतिपूर्तिको नाममा पेनाल्टीको रूप धारण गर्ने कुनै पनि रकम करार ऐनअनुसार भुक्तानी गर्ने गराउने आदेश नेपालका अदालतहरूबाट जारी हुन नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : प्रेमबहादर थापा
इति संवत् २०६७ साल कात्तिक २३ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको दे.पु.नं. ८९६, ०५८१, करारबमोजिम रकमको क्षतिपूर्ति दिलाई पाऊँ, *बसन्तबहादुर श्रेष्ठ समेत वि. कृष्णबहादुर श्रेष्ठ, कृष्णबहादुर श्रेष्ठ वि. बसन्तबहादुर श्रेष्ठ समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको WO-०६३६, उत्प्रेषण समेत, *कृष्णबहादुर थापा समेत वि. टेकलाल नायक समेत*

अख्तियार दुरूपयोग अनसन्धान आयोगको पत्र मात्रको आधारमा शिक्षक सेवा आयोगले आफैंले निर्णय नगरी निवेदकहरूको दरखास्त रद्द गर्ने गरेको शिक्षक सेवा आयोगको मिति २०६४।८।२० को निर्णय उत्प्रेषणको आदेश जारी गरी बदर हुने । अब कानूनबमोजिम दरखास्तवालाको योग्यता पुगेको नपुगेको सम्बन्धमा आवश्यक निर्णय गर्नु भनी विपक्षी शिक्षक सेवा आयोगको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम
कम्प्इुटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल मंसिर २८ गते रोज ३ शुभम् ।

१७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-WO-०६३७, उत्प्रेषण, *गोपिन पासवान समेत वि. गायत्रीदेवी यादव समेत*

बिगो भरिभराउको कार्य नै सम्पन्न भई मिसिल समेत तामेलीमा गइसकेको अवस्थामा बिगो भरिभराउको लागि जग्गा रोक्का राख्ने सम्बन्धमा सोभन्दा अघि भएको आदेशहरू बदर गरिरहनु पर्ने अवस्था र प्रयोजन नरही प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेकोले निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल माघ १३ गते रोज ५ शुभम् ।

१८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-WO-०३३२, उत्प्रेषण परमादेश, *दामोदर साह हलुवाई वि. विष्णुदेव साह हलुवाई समेत*

फैसलाको नक्कल पक्षले सारी लिएको मितिबाट नै हदम्याद प्रारम्भ हुने कानूनी व्यवस्था अ.बं. २१० नं. मा रहेको सन्दर्भमा प्रस्तुत रिट निवेदनमा विवादको रूपमा उठाइएको अंशचलन मुद्दामा विपक्षी विष्णुदेव साह समेतले फैसलाको नक्कल मिति २०६५।३।१५ मा सारी लिएपछि बण्डा छुट्याई पाऊँ भनी मिति २०६५।३।१६ मा सुनसरी जिल्ला अदालतमा दिएको दरखास्त दण्ड सजायको ४६(१) नं. प्रतिकूल भएको नदेखिएको अवस्थामा त्यस्तो दरखास्त दर्ता गरी कारवाही अगाडि बढाउने गरी पुनरावेदन अदालतबाट भएको आदेश एवं कामकारवाही कानूनसंगत नै रहे भएको मान्नुपर्ने हुन्छ । अतः कानूनले तोकिदिएको हदम्याद र अख्तियारीभित्र रही गरिएको कामकारवाहीबाट निवेदकको संवैधानिक एवं कानूनी हक हनन् भएको मान्न नमिल्ने प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल माघ १३ गते रोज ५ शुभम् ।

१९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६५-CR-०४२१, लागू औषध गाँजा, *नेपाल सरकार वि. सविन दोङ समेत*

प्रतिवादीहरूउपर लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) ले निषेधित कार्य गरेको भनी अभियोग मागदावी लिएको अवस्था छ । उक्त दफा ४(क) मा गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरीद गर्न, बिक्री गर्न, वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसार-पसार गर्न,सञ्चय गर्न वा सेवन गर्न निषेध गरेको पाइन्छ । उपर्युक्त बमोजिमको निषेधित कार्यहरू यी प्रत्यर्थी प्रतिवादीहरूले गरेको भन्ने ठोस सबूद प्रमाणका साथ वादी पक्षले पुष्टि गर्न सकेको पाइएन । यस्तो अवस्थामा घटनास्थलमा यी प्रत्यर्थी प्रतिवादीहरू फेला परेको भन्ने एकमात्र आधारमा लागू औषधजस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा निजहरूलाई कसूरदार ठहऱ्याउन र सजाय गर्नु न्यायोचित एवं कानूनसंगत नहुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल माघ १० गते रोज २ शुभम् ।

## इज्लास नं. ६

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल**, २०६३ सालको CR-०६८५,कुटपीट, *गुरूप्रसाद गुप्ता वि. रामाननन्दप्रसाद गुप्ता*

कुटपीट गरी कतिसम्म चर्काएकोलाई फोर्ने कार्य गरेको भन्न मिल्छ भन्नलाई त्यस्तो कुनै मात्रात्मक मापदण्ड कानूनले तोकेको देखिन्न । उपचारपछि काम लाग्ने हुनु एउटा कुरा हो तर सो काम लाग्ने हुनु पूर्व X–RAY बाट Fracture भएको चर्किने गरी कुटपीट भएको देखिन्छ भने त्यो दण्डनीय हुन्छ त्यसबाट उन्मुक्ति पाउन सक्दैन । यस्तो अवस्थामा पुनरावेदक प्रतिवादीलाई कुटपीटको महलको ७ नं. बमोजिम ६(छ) महिना कैद र रू.२,०००।- (दुई) हजार) जरीवाना हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ १७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको CR-०४९६, ०४९७, कुटपीट, *घनश्याम केवट वि. रामप्रसाद यादव, पराग केवट समेत वि. रामप्रसाद यादव समेत*

एउटै कुटपीटको वारदातबाट कटेश्वर यादवको मृत्यु भएको र यी वादीहरू घाइतेसम्म भएको समेतको यस स्थितिमा यी पुनरावेदक प्रतिवादीहरूले वादीको खेतमा बिजुलीको पोल गाड्ने विषयमा विवाद झिकी कुटपीट गरेको स्थापित तथ्यलाई अन्यथा भनी अर्थ गर्नु कानूनसंगत नदेखिँदा यी पुनरावेदक प्रतिवादीहरूले वादीहरूलाई कुटपीट गरी चोट पुऱ्याएको अवस्थामा यी प्रतिवादीहरूले कुटपीट गरेको ठहर्ने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल साउन १८ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको MS-०००४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रल्हाद केवट समेत*

प्रतिवादी प्रल्हाद केवटलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्ने ठहऱ्याएको माननीय न्यायाधीश श्री केशवप्रसाद मैनालीको रायसँग मा.न्या.श्री राजेन्दप्रसाद भण्डारीको तेस्रो राय मिलेको देखिएको र प्रतिवादी पराग केवट लगायतका अन्य प्रतिवादीहरूलाई सफाई दिने ठहऱ्याएको माननीय न्यायाधीश पुरूषोत्तम पराजुलीको रायसँग माननीय न्यायाधीश राजेन्द्रप्रसाद राजभण्डारीको तेस्रो राय मिलेको भै उपरोक्त कुरामा बहुमत कायम भएको अवस्था हुँदा पुनरावेदन अदालतले राय कायम गर्ने प्रयोजनको लागि न्याय प्रशासन ऐन, २०४८ को दफा ८(४) बमोजिम भनी सर्वोच्च अदालतमा पठाउनु नपर्ने ।

अब पुनरावेदन अदालतमा कायम रहेको बहुमत भएको फैसलाको आधारमा पुनरावेदनको म्याद लगायत जो जे गर्नुपर्ने हुन्छ गरी कानूनबमोजिम गर्नु भनी मिसिल पुनरावेदन अदालत बुटवलमा पठाई दिने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६७ साल साउन १८ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको CI-०६५०, निषेधाज्ञा, *सरस्वती सापकोटा वि. मनमायाँ गुरूङ्ग समेत*

निवेदक विरूद्ध गैरकानूनी रूपमा पक्राउको प्रयास भएमा वा पक्राउ गरिएमा सो विरूद्ध उपचार माग्न जाने उपचारको बाटो यथावत् नै रहेको अवस्थामा निवेदकको कानूनी हक हनन्को प्रवल आशंकाको विद्यमानता नदेखिएकोले मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल कात्तिक २५ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको CI-०९२०, निषेधाज्ञा, *ध्रुवनारायण चौधरी वि. प्रहरी उपरीक्षक, जिल्ला प्रशासन कार्यालय सप्तरी, राजबिराज समेत*

निवेदकको निवेदनअनुसार निजलाई कारण बेगर समाउने उपस्थित गराउने कार्य नगरेको भनी विपक्षीहरूको लिखित जवाफबाट देखिन आएकोले विपक्षीहरूले उचित कारण बेगर निवेदकको कानूनी हकमा गैरकानूनी रूपमा हस्तक्षेप गर्ने आशंका रहेको भनी मान्न नमिल्ने हुँदा आशंकाको स्थितिको अभावमा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल कात्तिक २५ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको CI-०६५१, निषेधाज्ञा, *कृष्णबहादुर थापा वि. खड्गराज खरेल*

गैरकानूनी रूपमा देवानी विषयको विवाद मिलाउने उद्देश्यले निवेदन लिने तथा सो निवेदनउपर कारवाही समेत गरेको देखिएकोले निवेदकलाई देवानी दायित्वका सम्बन्धमा धरपकड नगर्नू, गैरकानूनी तरिकाले कागज गराउने कार्य समेत नगर्नू, नगराउनू भनी विपक्षीहरू महानगरीय प्रहरी परिसर हनुमानढोका काठमाडौं, प्रहरी प्रधान कार्यालय नक्साल, प्रहरी निरीक्षक हरि वरूवालका नाममा निषेधाज्ञाको आदेश जारी हुने ।

इजालास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल कात्तिक २५ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको CI-०११२५, निषेधाज्ञा, *आशाराम खटिक समेत वि. वीरेन्द्रकुमार त्रिपाठी*

निवेदकको नाउँमा जग्गाधनी प्रमाणपूर्जा रहेको र विपक्षीहरूले बलजफ्ती त्यस जग्गा जोत्न लागेको भन्ने देखिएकोले उक्त कार्यले निवेदकको कानूनप्रदत्त हकमा आघात हुने प्रवल सम्भावना रही नै रहेको तथा विपक्षीहरूले लिखित जवाफ समेतबाट कब्जा खिचोला गर्ने आशंकाको स्थिति विद्यमान देखिँदा निवेदन मागबमोजिम कि.नं. १४७ को विवादित जग्गामा कब्जा नगर्नू, नगराउनू भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ।

इजालास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल कात्तिक २५ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको CI-००९८, परमादेश, *राजदेव राउत वरै वि. बेचु राउत वरै समेत*

सरकारी निकायले कानूनबमोजिम सम्पादन गर्नुपर्ने काम प्रक्रिया पुऱ्याएर सम्पादन गर्नुपर्ने नै देखिन्छ । निवेदकको निवेदनउपर कुनै कानूनी कारवाही नगरी प्रक्रिया नै अगाडि नबढाएको अवस्था भएको भए मागबमोजिम आदेश जारी हुने थियो ।

तर प्रस्तुत मुद्दामा विपक्षी सरकारी निकायहरूले निवेदकले दिएको निवेदनउपर कारवाही प्रारम्भ गरिसकेको भन्ने लिखित जवाफ व्यहोराबाट देखिँदा अब पुनः सोही कार्य गर्नू भनी परमादेश जारी गर्नु नपर्ने ।

इजालास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल कात्तिक २५ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६३ सालको CI-११३५, ०६४ सालको ०६४-CI-०१३१, साँवा ब्याज र हर्जाना समेत दिलाई पाऊँ, *माधवराज पन्त समेत वि. कृष्णप्रसाद कर्माचार्य, कृष्णप्रसाद कर्माचार्य वि. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय समेत*

पुनरावेदक वादी कृष्णप्रसाद कर्माचार्यले फिराद दावीमा उल्लेख भएअनुरूपको थैलीका अतिरिक्त निर्माण कार्यमा लागेको खर्च र भरिभराउ हुँदासम्मको ब्याज समेत यकीन गरी क्षतिपूर्ति दावी गरेको देखिन्छ । यी पक्षहरूका बीचमा भएको उक्त लिलाम सकार गरी रजिष्ट्रेशन दा.खा. गर्ने कार्य गरिसकेपश्चात् राष्ट्रिय वाणिज्य बैंकको कार्यबाट उक्त लिलाम बदर भै वादीको हक गुमेको अवस्था सिर्जना भएको समेत नदेखिँदा राष्ट्रिय वाणिज्य बैंककै कार्यबाट पुनरावेदक वादीलाई निजले दावी गरे जस्तो आर्थिक हानि नोक्सानी हुन गएको भन्ने अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल पुस १२ गते रोज २ शुभम् ।

**इजलास नं. ७**

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-CI-०५९८, ०६६-CI-०५९९, अंशबण्डा गरिपाऊँ, *तेजकुमारी रिमाल वि. शेषकान्त रिमाल समेत, खोमप्रसाद रिमाल वि. तेजकुमारी रिमाल*

वादीको छोरा खोमप्रसादको जन्म २०१९ सालमा भएको २-३ वर्षपछि नै वादीको पतिको देहान्त भएकोले आफ्नो पतिको अंश भागको सम्पत्ति भोगचलन गर्ने गरेकी वादीले २०३४ सालमा भएको सर्भे नापीमा सोही जग्गा आफ्नो एक्लो छोरा खोमप्रसादको नाममा नापी गराउनु नितान्त स्वाभाविक देखिन्छ । साथै पतिको अंश भाग छोराको नाममा दर्ता रहेबाट आमाको अंश लोप हुन सक्ने अवस्था पनि हुँदैन । किनभने वादी तेजकुमारी र निजका छोरा खोमप्रसाद दुबै तोयनाथको अंशबाट अंश लिने हुनाले एकको नाममा रहेको दर्ता जग्गाबाट अर्कोले अंश भाग पाउँदैन भन्न नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल पुस २१ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनसार फैसला भएका छन् :

- ०६६-CI-०६००, लिखत बदर, *तेजकुमारी रिमाल वि. शेषकान्त रिमाल समेत*
- ०६६-CI-०६०४, लिखत बदर, *तेजकुमारी रिमाल वि. कृष्णप्रसाद रिमाल समेत*

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको दे.पु.नं. ०७६३, परमादेश, *लक्ष्मण मण्डल वि. रेशमीदेवी मण्डल समेत*

जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क. हेर्दा, फैसला कार्यान्वयनको अवस्थामा रहेको मुद्दामा सम्बन्धित चल वा अचल सम्पत्तिको हक कुनै किसिमबाट हस्तान्तरण गरिएको भएमा र मुद्दाको पक्षले निवेदन दिएमा अदालतले त्यस्तो सम्पत्ति लेनदेन गर्ने व्यक्तिलाई ७ दिनको म्याद जारी गरी कारवाही किनारा हुने प्रावधान रहेको देखिन्छ । सोही नियम ७८क. ले देखाएको उपचारको बाटोबाट नगई परमादेशको क्षेत्रबाट निवेदन आएको देखिँदा पुनरावेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल माघ ६ गते रोज ५ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको WO-०९३५, उत्प्रेषण परमादेश, *रामबाबु महतो वि. राष्ट्रिय बीउविजन कम्पनी लिमिटेड, केन्द्रीय कार्यालय समेत*

निवेदकलाई अख्तियारवालाले विनियमावली को नियम ९८(१) को (क) र (ज) को आरोपमा विनियम ९६ को (ख) (१) बमोजिम सेवाबाट बर्खास्त गरेको भनिए पनि विनियम १००(२) बमोजिमको अधिकारीबाट स्पष्टिकरण नसोधी अधिकार नै नभएका योजना तथा प्रशासन महाशाखाबाट स्पष्टिकरण माग गरिएकोमा सोलाई आधार मानी भविष्यमा कम्पनीको सेवाको लागि अयोग्य नठहरिने गरी कम्पनीको का.मु. प्रवन्ध सञ्चालकबाट भएको मिति २०६६।२।५ को निर्णय र सो निर्णयलाई कार्यान्यन गर्ने व्यहोराको सोही कम्पनीको मिति २०६६।२।६ को पत्र सोही निर्णयलाई सदर गरेको सञ्चालक समितिको मिति २०६६।११।२२ को निर्णय र सो निर्णय कार्यान्वयन गर्ने व्यहोराको मिति २०६६।१२।१५ गतेको पत्र समेत कानूनविपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल पुस २ गते रोज ६ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको WO-९३२, उत्प्रेषण, परमादेश समेत, *मोहनबिक्रम पोखरेल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

जग्गाधनी शारदा श्रेष्ठ (वैद्य) को स्वामित्वमा रहेको सा.कि.नं. ८६( हाल कायम कि.नं. ४१६३ र ४३२४) को जग्गाभित्र कँडेलचोक भगवती गुठीको जग्गा घुसेको वा अन्यत्रै अन्य कित्ताहरूमा घुसेको छ भन्ने सम्बन्धमा निर्णय नै नभई एवं नगरी बाँडफाँड गरिपाऊँ भन्ने जग्गाधनीको निवेदनअनुसार कि.नं. ४१६३ को जग्गा जग्गाधनी एवं मोहीबीच आधा-आधा जग्गा बाँडफाँड गर्ने गरी भूमिसुधार कार्यालयबाट निर्णय भएको देखिँदा उक्त आदेश निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने । अब विवादित साविक कि.नं. ८६ र त्यसबाट हाल कायम भएको कि.नं. का जग्गाहरूमा गुठीको जग्गा घुसेको छ छैन ? घुसेको भए छुट्याई गुठीको जग्गा कायम गर्नेतर्फ गुठीका स्रेस्ता र व्यक्तिका दर्ता समेत भिडाई अविलम्ब पुन: आवश्यक कारवाही गर्नू भनी विपक्षीहरू भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भूमिसुधार कार्यालय एवं गुठी संस्थान केन्द्रीय कार्यालयको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल माघ २७ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६४ सालको WO-०१५०, उत्प्रेषण समेत, *गुरूप्रसाद बराल वि. शारदा श्रेष्ठ (वैद्य) समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको WO-१००८, उत्प्रेषण, परमादेश समेत, *ज्ञानेन्द्र महर्जन वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निजामती कर्मचारीलाई पदस्थापन गर्ने वा आवश्यक र उपयुक्त सम्झेका स्थलमा खटनपटन गर्ने वा काममा लगाउने कार्यकारिणीको अधिकारभित्रको विषय देखिन्छ । आफूले खटाएको व्यक्ति काममा गए नगएको वा के गरेको छ, गयल छ, छैन, पदको पदाधिकार रहन्छ रहँदैन, भन्ने जस्ता विषयमा सम्बन्धित सेवासम्बन्धी ऐन तथा नियमावलीबमोजिम सम्बन्धित पदाधिकारीले निर्णय गर्नुपर्ने हुन्छ । सो विषयमा सम्बन्धित पदाधिकारीले कुनै विचार वा निर्णय नगरी यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट क्षेत्रबाट बोल्न नमिल्ने ।

विद्यमान समाज कल्याण ऐन, २०४९ एवं समाज कल्याण नियमावली, २०४९ ले त्यस्तो

अनिवार्य कानूनी व्यवस्था गरेको समेत देखिँदैन। प्रष्ट कानूनी व्यवस्थाको अभावमा निवेदकले दावी लिँदैमा विपक्षी छेवाङ नाम्गेल लामाले समाज कल्याण परिषद्को सदस्य सचिवको पदमा रही गरेको कामलाई गैरकानूनी भन्न नमिल्ने।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल माघ २३ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको WO-०३५२, उत्प्रेषण, परमादेश समेत, *दाताराम खनाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६६।१।१३ को निर्णयबाट समाज कल्याण परिषद्को उपाध्यक्ष पदमा समाज कल्याण ऐन, २०४९ को दफा ५ को उपदफा (२) को प्रावधानअनुरूप मनोनीत गरिएको देखिएबाट र त्यस्तो मनोनीत पदको पदावधि चार वर्षको हुनेछ भनी उक्त ऐनको दफा ५(३) मा किटानी व्यवस्था भएकोमा सोको विपरीत हुने गरी बिना आधार र कारण नेपाल सरकारको मिति २०६६।६।२१ को निर्णयबाट निजलाई समाज कल्याण परिषद्को उपाध्यक्ष पदबाट मुक्त गर्ने निर्णयले निवेदकको संविधानद्वारा प्रदत्त मौलिक हकको साथै समाज कल्याण ऐन, २०४९ ले प्रदान गरेको कानूनी हकमा प्रष्ट रूपमा आघात पर्न जाने हुँदा उक्त निर्णय र पत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब निवेदकलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६६।१।३ को निर्णयअनुसार समाज कल्याण ऐन, २०४९ को दफा ५(३) बमोजिमको अवधिभर उपाध्यक्षको पदमा कार्य गर्न दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश समेत जारी हुने।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल माघ २३ गते रोज १ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६६ सालको WO-०३२१, उत्प्रेषण, परमादेश समेत, *छेवाङ नाम्गेल लामा वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६६ सालको WO-०३२२, उत्प्रेषण, परमादेश समेत, *रत्नबहादुर गाहा मगर वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६६ सालको WO-०९३३, उत्प्रेषण, परमादेश समेत, *छेवाङ नाम्गेल लामा वि. महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय समेत*

४

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको MS-००१७, अदालतको अपहेलना, *छेवाङ नाम्गेल लामा वि. मा. मन्त्री सर्वदेवप्रसाद ओझा समेत*

असल नियतले लेखिएको एवं अदालतको आदेश वा फैसलालाई सदा सम्मान गर्ने नेपाल सरकारको मन्त्री भएको भनी लिखित जवाफमा जिकीर लिएको अवस्थामा विपक्षीहरूबाट अदालतको अपहेलना गरेको भन्ने दावी पुष्टि भएको नपाइँदा निजहरूले अदालतको अपहेलना गरेको नठहर्ने।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : चन्द्रा तिमिल्सना

इति संवत् २०६७ साल माघ २३ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI-०४३२, लिलाम निर्णय दर्ता बदर, *ललिता राजभण्डारी वि. निर्मल लिम्बू समेत*

मुद्दाका पक्ष विपक्षबीच मुख नमिलेको सम्पूर्ण कुराहरूमा प्रमाण बुझी न्याय निरूपण गर्नुपर्ने हुन्छ। विवादका केही विषयमा निर्णय गरी केही विषय बाँकी राखी आंशिक रूपमा गरिएको फैसला अ.बं १९२ नं. विपरीत हुन जान्छ। यसरी पक्ष विपक्षबीच चलेको लिलाम बदर समेतको देवानी मुद्दामा पेश भएको भरपाइलाई कीर्ते जालसाजी भनी एउटा पक्षले बयान गरी उठेको फौजदारी विषयमा निरूपण नगरी अ.बं. १९२ नं. को त्रुटि गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको नदेखिँदा बदर हुने।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६६-CR-०३२०, जालसाजी, *ललिता राजभण्डारी वि. भक्तिमाया राजभण्डारी समेत*
- ०६६-CI-०४३१, निर्णय लिलाम बदर, *भक्तिमाया राजभण्डारी समेत वि. निर्मल लिम्बू समेत*

इजलास अधिकृत : पुष्पराज थपलिया

इति संवत् २०६७ साल फागुन १० गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI-०१९७, अंश, *मु.स. गर्ने चन्द्रप्रकाश ढकाल वि. दीर्घनारायाण ढकाल समेत*

वादी व्यवहार प्रमाणबाट मुलुकी ऐन, सातौं संशोधन मिति २०३४।९।२७ भन्दा अगाडि नै मिति २०३३।१।५ मा छुट्टी भिन्न भएको देखिएबाट छुट्टी भिन्न भई सकेको वादीले पुनः अंश पाऊँ भनी प्रतिवादीहरूउपर गरको फिराद कानूनसम्मत् नदेखिँदा अंश पाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : शिवप्रसाद खनाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल कात्तिक २४ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुसार फैसला भएका छन् :

- २०६६ सालको दे.पु.नं.CI-०१९८, बण्डा दा.खा. बदर, *चन्द्रप्रकाश ढकाल वि. दीर्घनारायण ढकाल* समेत
- २०६६ सालको दे.पु.नं. CI-०१९९, अंश भरपाई बदर, *चन्द्रप्रकाश ढकाल वि. दीर्घनारायण ढकाल समेत*
- २०६६ सालको दे.पु.नं. CI-०२००, अंश भरपाई बदर, *चन्द्रप्रकाश ढकाल वि. दीर्घनारायण ढकाल समेत*
- २०६६ सालको दे.पु.नं.CI-०२०१, अंश भरपाई बदर, *चन्द्रप्रकाश ढकाल वि. दीर्घनारायण ढकाल*
- २०६६ सालको दे.पु.नं. CI-०२०२, लिखत दा.खा. बदर दा.खा., *चन्द्रप्रकाश ढकाल वि. लीलावती ढकाल समेत*
- २०६६ सालको दे.पु.नं. ०६६-CI-०२०३, लिखत दा.खा. बदर दा.खा., *चन्द्रप्रकाश ढकाल वि. दीर्घनारायण ढकाल समेत*
- २०६६ सालको दे.पु.नं. ०६६-CI-०२०४, लिखत दा.खा. बदर, *चन्द्रप्रकाश ढकाल वि. गौरादेवी ढकाल*
- २०६६ सालको दे.पु.नं. ०६६-CI-०२०५, लिखत दा.खा. बदर दा.खा., *चन्द्रप्रकाश ढकाल वि. गौरादेवी ढकाल समेत*
- २०६६ सालको दे.पु.नं. ०६६-CI-०२०६, अंश भरपाई बदर, *चन्द्रप्रकाश ढकाल वि. कुलप्रसाद ढकाल समेत*
- २०६६ सालको दे.पु.नं. ०६६-CI-०२०७, लिखत दा.खा. बदर दा.खा., *चन्द्रप्रकाश ढकाल वि. गौरादेवी ढकाल समेत*
- २०६६ सालको दे.पु.नं. ०६६-CI-०२०८, लिखत दा.खा. बदर दा.खा., *चन्द्रप्रकाश ढकाल वि. लीलावती ढकाल समेत*
- २०६६ सालको दु.फौ.पु.नं. ०६६-CR-०१२४, जालसाजी, *मु.स. गर्ने चन्द्रप्रकाश ढकाल वि. दीर्घनारायण ढकाल समेत*
- २०६६ सालको दु.फौ.पु.नं. ०६६-CR-०१२५, जालसाजी, *मु.स. गर्ने चन्द्रप्रकाश ढकाल वि. दीर्घनारायण ढकाल समेत*
- २०६६ सालको दु.फौ.पु.नं. ०६६-CR-०१२६, जालसाजी, *मु.स. गर्ने चन्द्रप्रकाश ढकाल वि. लीलावती ढकाल समेत*
- २०६६ सालको दु.फौ.पु.नं. ०६६-CR-०१२७, जालसाजी, *मु.स. गर्ने चन्द्रप्रकाश ढकाल वि. दीर्घनारायण ढकाल समेत*
- २०६६ सालको दु.फौ.पु.नं. ०६६-CR-०१२८, जालसाजी, *मु.स. गर्ने चन्द्रप्रकाश ढकाल वि. दीर्घनारायण ढकाल समेत*
- २०६६ सालको दु.फौ.पु.नं. ०६६-CR-०१२९, जालसाजी, *मु.स. गर्ने चन्द्रप्रकाश ढकाल वि. दीर्घनारायण ढकाल समेत*
- २०६६ सालको दु.फौ.पु.नं. ०६६-CR-०१३०, जालसाजी, *मु.स. गर्ने चन्द्रप्रकाश ढकाल वि. दीर्घनारायण ढकाल समेत*

- २०६६ सालको दु.फौ.पु.नं. ०६६-CR-०१३१, जालसाजी, *मु.स. गर्ने चन्द्रप्रकाश ढकाल वि. गौरादेवी ढकाल समेत*
- २०६६ सालको दु.फौ.पु.नं. ०६६-CR-०१३२, जालसाजी, *मु.स. गर्ने चन्द्रप्रकाश ढकाल वि. गौरादेवी ढकाल समेत*
- २०६६ सालको दु.फौ.पु.नं. ०६६-CR-०१३३, जालसाजी, *मु.स. गर्ने चन्द्रप्रकाश ढकाल वि. गौरादेवी ढकाल समेत*
- २०६६ सालको दु.फौ.पु.नं. ०६६-CR-०१३४, जालसाजी, *मु.स. गर्ने चन्द्रप्रकाश ढकाल वि. कुलप्रसाद ढकाल समेत*

७

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको CR-०२०१, जबर्जस्ती करणी, *दामोदर पाण्डे वि. नेपाल सरकार*

बिना कुनै आधार जाहेरवालीले जाहेरी दिनुपर्ने पूर्व रिसइवी पनि केही छैन । यदि उक्त घटना नभएको भए आफ्नी छोरीको अस्मितालाई समेत दाउमा राखेर प्रतिवादीउपर जाहेरी दिनुपर्ने कुनै कारण पनि नदेखिँदा प्रतिवादी दामेदर पाण्डेले जबर्जस्ती करणीको महलको ३(१) बमोजिम १० वर्ष कैद हुने भै ऐ.को १० नं. बमोजिम प्रतिवादीको आधा अंश सर्वस्व गरी पीडित संगीता न्यौपानेले भरिपाउने ।

इजालास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल पुस १४ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको CR-०३३५, कर्तव्य ज्यान, *तेजलाल बुढा वि. नेपाल सरकार*

प्रतिवादीले मौकामा र अदालतमा समेत बयान गर्दा घटनाका सम्बन्धमा सिलसिलेवार रूपमा उल्लेख गरेको विवरणलाई मौकामा कागज गर्ने जाहेरवालालगायतका व्यक्तिहरूले अदालतमा आई बकपत्र समेत गरेर निजको कसूरलाई पुष्टि हुने गरी बकपत्र समेत गरेबाट यी पुनरावेदक प्रतिवादीकै कर्तव्यबाट मृतकको मृत्यु भएको देखिँदा निजलाई ज्यानसम्बन्धीको १३(१) नं.बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजालास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल पुस १४ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको फौं.पु.नं. ०६८६, कर्तव्य ज्यान, *टेकबहादुर विश्वकर्मा वि. नेपाल सरकार*

प्रतिवादीले मृतकलाई मार्न कुनै योजनावद्ध रूपमा तयारीका साथ आक्रमण गरेको वा कुनै जोखिमी हतियार प्रहार गरेको भन्ने पनि देखिँदैन । केवल निज प्रतिवादीले आफ्नी आमालाई कुटेको विषयमा जाहेरवालासँग भनाभन हुँदा धकेलाधकेल भएको र उक्त घटनालाई छुट्ट्याउन गएका मृतकलाई लातमुक्काले कुटपीट गर्दा निजको मृत्यु भएको अवस्था मिसिल संलग्न प्रमाणबाट देखिन्छ । यस स्थितिमा प्रतिवादीको जोखिमी हतियार प्रयोग गरेको अवस्था समेत नदेखिएको हुँदा प्रतिवादीको कसूर ज्यानसम्बन्धी महलको १३(३) अन्तर्गतको नभई १४ नं. अन्तर्गतको देखिँदा १० वर्ष कैद हुने ।

इजलास अधिकृत :कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : मञ्जिता ढुंगाना
इति संवत् २०६७ साल माघ ५ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०६८१, मिलापत्रबमोजिम भोगअनुसार दर्ता गराई पाऊँ, *रामलोचनप्रसाद चौधरी वि.श्यामादेवी कलवार समेत*

मिलापत्रबाट बराबर बण्डा लाग्ने गरी भएको शर्तविपरीत व्यवहारमा भोग गर्ने क्रममा कुनै अंशियारले घटी बढी भोग गरेकै आधारमा सोही भोगबमोजिम नै अंश भागमा परेको हो भन्ने अर्थ गरी भोगबमोजिम गरिपाऊँ भन्ने दावी गर्न नमिल्ने ।

जग्गाको भोगको आधार भनेको मिलापत्र भएको र सो मिलापत्रमा सबै अंशियारले बराबर भाग

पाउने भन्ने रहेको सन्दर्भमा भोगको आधारमा दर्ता गरिपाऊँ भन्ने दावी मिलापत्रबमोजिमको देखिएन। उक्त मिलापत्रबमोजिम भएन वा सो मिलापत्र बेरीतको हो भनी साधिकार निकायमा उजूर गरी सो मिलापत्रलाई बदर नगरेसम्म दुबै पक्षले सो मिलापत्रलाई अनिवार्य रूपमा पालना गर्नुपर्छ। त्यसकारण मिलापत्र परिवर्तन न भै कायम रहेसम्म सो मिलापत्र गर्न मञ्जूर गर्ने पक्षले यसलाई स्वीकार गर्नुपर्छ। उक्त मिलापत्र अन्तिम भएर बसेको अवस्थामा मिलापत्रलाई बाहेक गरी सो मिलापत्रमा कुनै पक्षले अर्को दावी गर्न पाउने देखिएन। मिलापत्र भएपश्चात् बण्डा गर्दा सबैलाई नरम गरम मिलाई समानुपातिक तवरले गर्नुपर्नेमा भोग गर्दाको अवस्थामा एक भाइले बण्डाको शर्तभन्दा बढी भोग गऱ्यो भन्दैमा पूर्व मिलापत्र र बण्डाको शर्तले मान्यता नपाउने भन्ने नदेखिने।

मिलापत्रबमोजिमको जोतभोगको अवस्थामा नरम गरम मिलेको नपाइएकोले दर्ता स्रेस्ताबाट भोग मात्र देखिई अवण्डा देखिन आएको सम्पत्ति सबैको समान भाग लाग्ने नै देखिन आयो। भोगको आधारमा मात्र सो सम्पत्ति आफ्नो मात्र हुने भनी वादीले जिकीर लिएको न भै सो भोगको आधार भनेको पूर्व मिलापत्र नै हो भनी स्वीकार गरेको अवस्थामा दर्ता स्रेस्ताबमोजिम सबै अंशियारलाई बराबर अंश हक लाग्ने कुरामा कुनै अलमल हुने अवस्था नदेखिने।

आधार प्रमाण र नक्सा मुचुल्काको आधारमा कि.नं. १३ को जग्गाको सम्बन्धमा पुनरावेदक रामआशिष चौधरी विरूद्ध कलवार कल्याण समिति भएको २०५७ सालको दे.पु.नं. १३८८ को करारबमोजिम गरिपाऊँ भन्ने मुद्दामा पुनरावेदन अदालत जनकपुरबाट निर्णय भै अन्तिम भएर बसेकोले केही गरिरहनु परेन। कि.नं. १०६, १०७ र ११४ को जग्गा समानुपातिक तवरबाट सबै अंशियारहरूबीच बराबर भाग लगाई दर्ता गरिदिने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६४।१।२ गतेको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल पुस २५ गते रोज १ शुभम्।

११

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको फौ.वि.नं. ०००९, अदालतको अपहेलना, *गोवर्द्धनदास खेतान वि. वीरबहादुर चन्द*

अदालतबाट भएको आदेशको पालना जानी-जानी नगर्ने कार्य वा जानी-जानी कार्यान्वयन नगर्ने कार्यलाई अदालतको काम कारवाहीमा बाधा पुऱ्याएको कुरा बाहेक अरू भन्न सक्ने अवस्था भएन। अदालतको काम कारवाहीमा बाधा पुऱ्याउने कार्यबाट अदालतप्रतिको जनआस्था एवं जनविश्वासमा खलल पुग्ने र सो कार्यबाट अदालतको आदेशअनुसारको कार्य सुचारू समेत नहुने हुनाले त्यस्तो कार्यबाट अदालतको अपहेलना हुने कुरा स्पष्ट हुँदा विपक्षी वीरबहादुर चन्दबाट अदालतको अपहेलनाजन्य कसूर भएको देखिँदा निजलाई रू.१,०००।- (एक हजार रूपैयाँ) जरीवाना हुने।

इजलास अधिकृत : परशुराम भट्टराई

इति संवत् २०६७ साल माघ २७ गते रोज ५ शुभम्।

१२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६२ सालको फौ.पु.नं. ३३६०, ३३५९, जालसाजी, *नवियुन निसा खाँ वि. जुमराती खाँ, नुरूल हुदा खाँ वि. अनवर खान समेत*

अंश मुद्दा दायर भएपछि अंशियारहरूको नाममा रहेको सम्पत्ति अदालतको विचाराधीन हुन पुग्दछ। तसर्थ अंश मुद्दाको फिराद दर्ता भएको मितिपछि कुनै अंशियारले गरेको हक हस्तान्तरण स्वतः मान्य हुन सक्तैन। हक हस्तान्तरणको त्यस्तो क्रियामा बद्नियत देखिन्छ भने त्यो जालसाजीको परिभाषामा पर्दछ। प्रस्तुत मुद्दासँग सम्बन्धित मितिहरू, सम्पत्तिको प्रकृति र मिलापत्र गर्नेहरूको व्यवहारले त्यो मिलापत्रको क्रिया अंशियारहरूको अंश हकमा प्रतिकूल असर पार्ने प्रयास मिलापत्र गर्ने पक्षहरूबाट भएको देखिन्छ। अन्य अंशियाराहरूले पनि अंश पाउने सम्पत्तिमा उनीहरूको सो मिलापत्रद्वारा हक लोप भएको अर्थ गर्न नमिल्ने।

इजलास अधिकृत : भोलानाथ ढकाल

इति संवत् २०६७ साल पुस ११ गते रोज १ शुभम्।

१३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६३ सालको CI-०४२७, लिखत रोक्का बदर पूर्व स्थिति कायम, *रामगुलाम मण्डल वि. असर्फी मण्डल*

मोहकिो भाग छुट्टयाउन निवेदन गरी सकेपश्चात् उक्त मोहीको भाग समेतको जग्गा एकमुष्ठ दृष्टिबन्धकी दिएको कार्यबाट मोहीको जग्गा बाँडफाँडसम्बन्धी प्रक्रिया अगाडि बढ्न नसक्ने हुन्छ । त्यस्तो कार्यले अर्काको सम्पत्तिसम्बन्धी हकमा आघात हुने भएबाट त्यस्तो वादीको सम्पत्तिसम्बन्धी हकमा आघात पुग्न जाने भएकोले त्यस्तो सम्पत्ति उपभोगमा अवरोध पुऱ्याउने कार्यलाई कानूनसम्मत मान्न नमिल्ने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल पुस ११ गते रोज १ शुभम् ।

१४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६५ सालको CI-०९०९, अंश चलन, *जगनाथ महर्जन वि. भाइराम महर्जन*

घरसारको बण्डापत्र कार्यान्वयन नै नभएको अवस्थामा उक्त लिखत नै स्वतः बण्डा भएको मान्न नमिल्ने हुँदा तायदातीमा उल्लिखित सम्पत्तिमध्ये दर्ता हुन बाँकी रहेको जग्गाबाट दर्ता प्रमाणित भएपछि प्रमाणितको जग्गाबाट वादी दावीबमोजिम दुई भागको एक भाग अंश छुट्टयाई लिन पाउने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

इति संवत् २०६७ साल माघ १२ गते रोज ४ शुभम् ।

१५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६५ सालको CI-०७७१, अंश हक कायम दर्ता, *रामकृष्ण ठाकुर वि. मुँगालाल ठाकुर*

बिटौरी नं. ४६/२ कुनै अंशियारको नाउँमा नभई उनाउ व्यक्तिको नाउँको जग्गा हुँदा अंशबण्डामा भाग लगाउने प्रश्न नै प्रासंगिक हुँदैन । वादी र प्रतिवादीबीचमा भएको बण्डापत्रमा लेखाइएको त्रुटिप्रति प्रतिवादीले पनि विशेष जिम्मेवारी बहन गर्नुपर्दछ । निजले आफ्नो नाममा बिटौरी नं. ४६/२ को ज.वि. ०-०-१० जग्गा दर्ता रहेको देखाउन सकेको भए अन्यथा सोच्नु पर्दथ्यो । तर, प्रस्तुत विवादमा प्रतिवादीका नाउँमा विटौरी नं. ४६/४ को ज.वि. ०-०-१० दर्ता छ, जो आधा-आधा वादी प्रतिवादीले बाँडेका छन् । यस्तो सामान्य लेखात्मक त्रुटिबाट नै विटौरी नं. फरक परेको कुरालाई अन्यथा भन्ने स्थिति नै छैन । त्यस्तो सामान्य त्रुटिको आधारमा अंश जस्तो नैसर्गिक हकबाट वादीलाई बञ्चित गर्न नमिल्ने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

इति संवत् २०६७ साल माघ १२ गते रोज ४ शुभम् ।

१६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६५ सालको CI-०१६५, अंश चलन, *भुवानसिँह खत्री वि. डीकबहादुर खत्री समेत*

मानो छुट्टिएको तथा अंश भएको लिखत कागज नभए पनि बण्डा गर्नुपर्ने पैतृक सम्पत्ति नभएको अवस्थामा अंशबण्डा गर्नुपर्ने अवस्था नै सिर्जना हुँदैन । २०३४ सालभन्दा अघिदेखि आ-आफूले भोग गर्दै आएको झोरा जग्गा दर्ता गराई आवश्यकताअनुसार बिक्री वितरण गर्दै गएको देखिनुले वादीले आफ्नो हकको सम्पत्ति बिक्री गरिसकेपछि प्रतिवादी दाजु डीकबहादुरले झोरा फँडानी गरी आफ्नो नाउँमा दर्ता गराएको जग्गा बाँकी रहेको हुँदैमा दाजुसँग अंशमा दावी गर्नुलाई मनासिब मान्न मिलेन । वादी प्रतिवादी कसैसँग पैतृक सम्पत्ति छैन र दुबैले झोरा जग्गा फँडानी गरी सो जग्गा पाई समान रूपमा आ-आफ्नो नाममा दर्ता गराएकोमा विवाद छैन । आफ्नो नामको जग्गा बेची नबेच्ने दाजुको जग्गा बण्डा भएको छैन भनी दावी गर्ने कार्यलाई न्यायसम्मत मान्न नमिल्ने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

इति संवत् २०६७ साल माघ १२ गते रोज ४ शुभम् ।

## पूर्ण इजलाससमक्ष पेश हुने

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको फौ.पु.नं. ०५१०, काठ चोरी निकासी, *नेपाल सरकार वि. बेलबहादुर थापा मगर समेत*

सवारी धनीको जानकारी र अनुमति बिना नै ट्रेक्टर अवैध काठ ओसारपसार गर्नमा प्रयोग भएको र यी ट्रेक्टर धनीउपर लागेको अवैध काठ ओसार पसार गरेको भन्ने अभियोग प्रमाणित नभएको अवस्थामा निजको सवारी साधन जफत हुनुपर्छ भन्ने वादीको अभियोग प्रमाणित नभएको अवस्थामा निजको सवारी साधन जफत हुनुपर्छ भन्न नमिल्ने ।

वन पैदावार ओसार पसार गर्ने कसूरजन्य अपराधमा साधन प्रयोग हुनु नै कसूर हो । सवारी साधनको मालिकको मञ्जूरी होस् वा नहोस् त्यस्तो कार्यमा प्रयोग गरिएको कार्य नै कसूर स्थापित हुने तथ्य नै पर्याप्त हुन्छ भनी सवारी धनीको मञ्जूरी र सहमति बिना पनि अवैध काठ ओसार पसारमा सवारी साधन प्रयोग हुन नै सो सवारी साधन जफत गर्न पर्याप्त आधार हुने भनी सवारी साधन जफत गर्ने यस अदालतको संयुक्त इजलासबाट मिति २०६६।६।२६ मा प्रतिपादित सिद्धान्तसँग यो इजलास सहमत हुन नसक्दा सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३(१)(ख) अनुसार प्रस्तुत मुद्दा पूर्ण इजलाससमक्ष पेश हुने ।

इजलास अधिकृत : कृष्णमुरारी सिवाकोटी
कम्प्युटर : मञ्जिता ढुंगाना
इति संवत् २०६७ साल माघ ४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** २०६३ सालको रिट नं. ३४५७, उत्प्रेषण समेत, *टोपबहादुर भुषाल वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

२०६३ सालको रिट नं. ३४०९ को उत्प्रेषण मुद्दामा बढुवामा अङ्क गणना गर्न मिल्दैन भनी रिट खारेज हुने ठहरी मिति २०६७।४।२५ मा निर्णय भएको, त्यस्तै निवेदक जगतबहादुर खत्री समेत विरूद्ध शिक्षक सेवा आयोग समेत भएको संवत् २०६२ सालको रिट नं. ३०७९ को उत्प्रेषण रिटमा पनि अङ्क दिन नमिल्ने व्याख्या भई रिट खारेज हुने ठहरी मिति २०६६।५।३०।३ मा निर्णय भएको देखिन्छ । तर सो विपरीत तालीमबापतको अङ्क दिन मिल्ने भनी व्याख्या गरी निवेदक रामकृष्ण प्याकुरेल समेत विरूद्ध शिक्षक सेवा आयोग समेत भएको संवत् २०६२ सालको रिट नं. २७७४ को उत्प्रेषणको रिटमा तालीमबापत्को अङ्क समेत जोडी पुनः नतिजा प्रकाशित गर्न रिट जारी भएको पाइन्छ । त्यस्तै निवेदन नारायणप्रसाद भण्डारी समेत विरूद्ध शिक्षक सेवा आयोग समेत भएको ०६३ सालको रिट नं. ०२०७ को उत्प्रेषणको मुद्दामा मिति २०६६।१०।१८ र निवेदक हरिबहादुर पाण्डे समेत विरूद्ध शिक्षक सेवा आयोग भएको २०६३ सालको रिट नं. ३३४० को रिटमा मिति २०६६।९।२८ मा तालीमबापतको अङ्क पाउने व्याख्या भई तालीमको अङ्क जोडी पुनः नतिजा प्रकाशित गर्न रिट जारी भएको देखिन्छ । यसरी यसअघि यस अदालतबाट एकै विषयवस्तुका सम्बन्धमा फरक फरक व्याख्या भई रूलिङ्ग बाझिएको देखिँदा यस विषयमा पूर्ण इजलासबाट सुनुवाई भई एकरूपता कायम हुन वाञ्छनीय भएकोले सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३(१)(ख) बमोजिम पूर्ण इजलासबाट निरोपणका लागि निर्णयार्थ संयुक्त इजलासको लगत कट्टा गरी पूर्ण इजलास (Full Bench) मा पेश हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल असोज १० गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको रिट नं. ३४५६, उत्प्रेषण समेत, *नगेन्द्रबहादुर खड्का वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६६-WO-०२३८, उत्प्रेषण समेत, *डा.वासुदेव जनार्दनप्रसाद उपाध्याय वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

यी रिट निवेदकलाई निज कार्यरत् सेवासँग सम्बन्धित कानूनले ट्रेड यूनियन अधिकारका सम्बन्धमा कुनै अधिकार प्रदान नगरेको र निजलाई ट्रेड यूनियन सम्बन्धमा कुनै अधिकार प्राप्त भएको नदेखिएपछि प्राप्तै नभएको अधिकार उल्लंघन हुने अवस्था नदेखिई संविधानप्रदत्त मौलिक हक हनन् भएको भनी सो सम्बन्धमा आदेश जारी गर्न सक्ने अवस्था नहुने ।

निवेदक कार्यरत सेवासँग सम्बद्ध कानूनले निजको ट्रेड यूनियन अधिकारका सम्बन्धमा कुनै व्यवस्था नगरेको र निजको संविधान प्रदत्त मौलिक हक अधिकारमा आघात पुग्न गएको पुष्टि भएको नदेखिएकोले मागबमोजिम आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

तर, यसै अदालतको संयुक्त इजलासबाट रामसेवक यादव विरूद्ध स्वास्थ्य मन्त्रालय समेत भएको २०६५ सालको रि.नं. ८४२ को उत्प्रेषण समेतको मुद्दामा मिति २०६६।१०।१७ मा परमादेशको आदेश समेत जारी गर्ने गरी आदेश भई सिद्धान्त समेत प्रतिपादन भई रूलिङ्ग कायम रहेको र सो रूलिङ्गसँग यो इजलास सहमत हुन नसकेकोले प्रस्तुत रिट निवेदन सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ख) बमोजिम निर्णयार्थ पूर्ण इजलासमा पेश हुने ।

इजलास अधिकृत : कृपासुर कार्की
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल भदौ २० गते रोज १ शुभम् ।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६६-WO-०२३७, उत्प्रेषण समेत, *शम्भु चापागाई वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- ०६६-WO-०३८५, उत्प्रेषण समेत, *सञ्जयकमार ठाकुर वि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

## एकल इजलास

१

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-०७१२, उत्प्रेषण परमादेश, *जगतबहादुर टमटा वि. गृह मन्त्रालय समेत*

निवेदकले मिति २०५८।४।२३ को मन्त्रीस्तरको निर्णयउपर मन्त्रिपरिषद् सचिवालयमा मिति २०५८।७।५ मा पुनरावेदन समेत गरेको तथा उक्त पुनरावेदनउपर मिति २०६२।५।१५ मा निर्णय भएको र सोको जानकारी पनि सो समयमा भएको रिट निवेदकको लेखाइबाटै देखिन्छ । केवल निर्णयको प्रतिलिपि उपलब्ध गराइएन भन्ने जिकीरसम्म लिएको पाइन्छ । सो प्रतिलिपि प्राप्त गर्न पटक-पटक निवेदन दिएको निवेदन कथन छ । प्रतिलिपि प्राप्त गर्न अदालत प्रवेश गरेको वा प्रतिलिपि उपलब्ध नभएको कारण जनाई अदालतमा निवेदन नगरिएबाट निवेदकको कथन अविश्वसनीय रहेको छ । निवेदकबाट मिति २०६२।५।१५ को निर्णय बदर गराउन २०६७।१०।११२ मा मात्र यस अदालतमा निवेदन परेको देखिन्छ । निवेदकलाई उक्त निर्णयबाट अन्याय पर्न गएको भए सो कुरा समयमै निवेदन गर्नुपर्ने थियो । तर, अनुचित बिलम्ब गर्नुपर्ने कुनै कारण नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी
इति संवत् २०६७ साल माघ १४ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-०७१८, उत्प्रेषण परमादेश, *लालबहादुर सुनार वि. पुनरावेदन अदालत, बुटवल समेत*

जिल्ला अदालतले गरेको मुल्तवी आदेशलाई पुनरावेदन अदालतले सदर गरेको अवस्थामा सो अ.बं. १७ नं. अन्तर्गत तह-तह भएको आदेशलाई चुनौती दिँदै प्रस्तुत निवेदन दायर भएको देखिन्छ ।

अन्य मुद्दाको निर्णय नभई प्रस्तुत कीर्ते जालसाजी मुद्दाको निर्णय हुन उपयुक्त नसम्झी साधारण अधिकारक्षेत्रअन्तर्गत अदालतले गरेको आदेश बदर गर्ने कानूनी आधार निवेदकले खुलाउन सकेको छैन। सो मुल्तवी आदेशले निवेदकको कानूनी हक वा मौलिक हकमा प्रतिकूल असर नै परेको अवस्था समेत नहुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

इति संवत् २०६७ साल माघ १४ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-०४७४, उत्प्रेषण परमादेश, *विन्द्रकुमारी राई वि. मैया श्रेष्ठ समेत*

आफूले लिएको ऋण समयमै चुक्ता गर्नुपर्ने दायित्व ऋणीमा रहेको हुन्छ। ऋणीले आफ्नो दायित्व पूरा नगरेपछि साहूले कानूनको सहारा लिई आफूले दिएको ऋण रकम उठाउनुपर्ने हुन्छ। साहूले ऋणीको कुनै जेथा प्राप्त गर्ने वा निजलाई कैद गराउने उद्देश्य राखी ऋण दिएको पनि हुदैन। न त आफ्नो रकम उठाउनका लागि अदालतको भर पर्नु परोस् भन्ने उद्देश्य राखेको हुन्छ। ऋणीले साहूलाई तिर्नु बुझाउनु पर्ने रकम तिरे बुझाएमा ऋणीको जग्गा लिलाम गरी आफ्नो बिगो उठाउनु पर्ने अवस्था नरहने।

कैदमा बस्न नपरोस् भनी यी निवेदिकाले आफूसँग दुई कट्ठा जग्गा रहेकोले सोही जग्गाबाट असूलउपर गरिपाऊँ भनी निवेदन गरेको देखिन्छ। उक्त दई कट्ठा जग्गाको मूल्याङ्कन प्रतिकट्ठा पाँच लाखका दरले हुनुपर्नेमा ज्यादै कम अर्थात् रू. २५,०००।- का दरले गरियो भन्ने निवेदिकाले सोको तथ्ययुक्त आधार समेत पेश गर्नुपर्ने हुन्छ। तर, निवेदनसाथ त्यस्तो आधार सामेल गरेको पाईदैन। यो यस आधारमा बेरीतपूर्वक जायजात मुचुल्का खडा भएको हो भनी निवेदिकाले वस्तुनिष्ठ आधारहरू उल्लेख गर्न सकेको नपाइदा अदालतको तहसिल शाखाबाट तयार भएको मूल्याङ्कन मुचुल्काउपर निवेदिकाले जिल्ला अदालतमा निवेदन गर्दा जायजाततायदात मुचुल्का रीतपूर्वक सम्पन्न भएको र मूल्याङ्कन समेत अमिल्दो नदेखिएको भनी आदेश भइसकेपछि सो आदेशउपर पुनरावेदन अदालतमा निवेदन गरेकीमा पुनरावेदन अदालतबाट समेत सुनसरी जिल्ला अदालतकै आदेशलाई सदर गरेको अवस्था देखिन्छ। साधिकार निकायबाट तह-तह आदेश भैसकेपश्चात् पनि यी रिट निवेदिका ऋणीले आफूले तिर्नु बुझाउनु पर्ने रकम साहूलाई नतिरी नबुझाई न्यायिक प्रक्रियाको दुरूपयोग गर्दै फैसला कार्यान्वयनलाई लम्ब्याउने नियतले प्रस्तुत रिट निवेदन गरेको प्रष्टै देखिन आएको र विपक्षीहरूको यस्तो कानूनबमोजिमको कारवाहीले यी निवेदिकाको हकाधिकारमा आघात परेको नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल मंसिर ९ गते रोज ५ शुभम्।

**यस बुलेटिनमा केबल ती निर्णय समावेश हुँदैनन् जो सम्पादन तथा प्रकाशन समितिलाई सम्बन्धित इजलास अधिकृतबाट तोकिएको १५ दिनको अवधिभित्र प्राप्त भएका हुँदैनन्।**

**न्यायपरिषद् सचिवालयद्वारा मिति २०६७।१२।१२।७ गते इलाममा आयोजित "न्यायाधीशको आचारसंहिता" विषयक अनुशिक्षण कार्यक्रममा सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूले दिनु भएको उद्घाटन मन्तव्य**

**"न्यायिक काम कारवाहीमा स्वच्छता, आचारसंहिताको पालनामा हाम्रो प्रतिबद्धता"** भन्ने मूलमन्त्रका साथ सञ्चालन हुन गइरहेको न्यायाधीशको आचार संहितासम्बन्धी दुई दिवसीय अनुशिक्षण कार्यक्रमको आयोजना गरी मलाई कार्यक्रमको उद्घाटन गर्ने अवसर समेत प्रदान गर्नु भएकोमा आयोजक न्यायपरिषद् सचिवालय परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

न्यायसम्पादनको कार्य अति महत्वपूर्ण एवं संवेदनशील कार्य हो। यस कार्यमा संलग्न हामी न्यायकर्मीहरू देशको संविधान र ऐन, कानूनप्रति पूर्ण प्रतिवद्ध रही न्यायका मान्य सिद्धान्तहरूबाट सधैं निर्देशित भई कार्य गरिरहेका हुन्छौं। न्यायपालिकाप्रतिको जनआस्था र विश्वास पनि हाम्रो लागि न्यायप्रति समर्पित रहन प्रेरित गर्ने ऊर्जा र महत्वपूर्ण निधिको रुपमा रहेको हुन्छ। न्यायपालिकाको प्रतिष्ठालाई सदा उच्च राख्ने सन्दर्भमा न्यायाधीशको व्यक्तिगत आचरण, व्यवहार, जीवनशैली र चालचलनहरूको समेत अत्यन्त ठूलो भूमिका रहन्छ। हामी आफूले आफैंलाई आत्मनिरीक्षण र आत्ममूल्याङ्कन गर्ने दिशामा यस्ता अनुशिक्षण कार्यक्रमले महत्वपूर्ण सघाउ पुऱ्याउँदछन्। तसर्थ, न्यायाधीशको आचार संहिताको विषयमा केन्द्रित रही पूर्वाञ्चल क्षेत्रमा कार्यरत् सबै न्यायकर्मीहरूलाई लक्षित गरी सञ्चालन हुन गइरहेको प्रस्तुत अनुशिक्षण कार्यक्रम अत्यन्त सान्दर्भिक रहेको छ भन्ने मलाई लाग्दछ।

मुलुकमा नयाँ संविधान निर्माणको प्रसङ्ग चलिरहँदा न्यायपालिकाको भावी संरचना र भूमिकाको विषयमा पनि बहस र चर्चा-परिचर्चा भइरहेका छन्। यस क्रममा न्यायपालिकाको जवाफदेहिता र उत्तरदायित्वको विषयलाई जोडेर स्वतन्त्र न्यायपालिकाका आधारभूत मूल्य मान्यताविपरीत विषय र प्रकृतिका बहस र चर्चा पनि नसुनिएका होइनन्। तर, न्यायिक उत्तरदायित्व वा जवाफदेहिताको नाममा न्यायपालिकाको स्वतन्त्रताका आधारभूत एवं सर्वमान्य मूल्य र मान्यताहरूको विकल्प खोज्ने प्रयास गरिनु हुँदैन र त्यस्तो प्रयासले अन्ततः लोकतन्त्रको आधारलाई नै कमजोर बनाउँदछ भन्ने आवाज पनि चर्चामा आएको हो, तर आज संविधानसभामा पनि न्यायपालिकाको स्वतन्त्रता कायम राख्ने विषयमा समझदारी बन्दै गएको अवस्था आफैंमा केही हदसम्म सकारात्मक छ। त्यसैले न्यायिक उत्तरदायित्वको विषयलाई स्वतन्त्र न्यायपालिकाको मूल्य र मान्यताहरूको संरक्षणबाट मात्रै सुनिश्चित गर्न सकिन्छ भनेर मैले विभिन्न अवसरहरूमा भन्दै आएको पनि छु। तर, तपाई हाम्रो आचरण ठीक रहेन भने हामीले यो तर्क राख्ने आत्मबल पनि गुमाउनु पर्ने अवस्था आउन सक्तछ।

जुनसुकै प्रक्रियाबाट संविधान निर्माण गरिए पनि र संविधानका विषयवस्तुहरू जतिसुकै राम्रा र सन्तुलित ढंगले लेखिए पनि तिनको कार्यान्वयन गर्ने राज्यको अङ्ग र संयन्त्रहरू संविधानको मूल्य मान्यताप्रति प्रतिबद्ध र इमानदार नभएसम्म कुनै पनि संविधानले जनताको आवश्यकतालाई सम्बोधन गर्न सक्तैन भन्ने कुरा हामी सबैले भोगिसकेका छौं। २०४७ सालको संविधानले समकालीन विश्वका लोकतान्त्रिक संविधानहरूका मूल्य मान्यतालाई ग्रहण गरी स्वतन्त्र न्यायपालिकाको आधारभूत मूल्य मान्यताहरूलाई प्रत्याभूत गरेको हुनाले त्यसैको जगमा हामी अहिलेको संक्रमणकालीन अवस्थामा पनि न्यायिक स्वतन्त्रतालाई सुरक्षित गर्न समर्थ भइरहेका छौं। वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ ले पनि पूर्ववर्ती संविधानका आधारभूत चरित्रहरूलाई सुरक्षित गर्दै संविधानसभामार्फत् अब बन्ने नयाँ संविधानको लोकतान्त्रिक चरित्र र आधारशीलाका बारेमा स्पष्टतः रेखाङ्कन गरेको छ।

लोकतान्त्रिक पद्धतिको यो मार्गचित्रबाट विचलित हुने परिस्थिति आएमा त्यो दुर्भाग्यपूर्ण हुनेछ। किनकी अहिलेको युगमा लोकतान्त्रिक मूल्य मान्यताहरूको उपेक्षा गरी कुनै पनि राज्य व्यवस्था निर्वाध रुपमा चल्न सक्तैन।

लोकतान्त्रिक पद्धतिको स्थायित्व र सुदृढीकरणका लागि संवैधानिक सर्वोच्चता, विधिको शासन, उत्तरदायी एवं सीमित सरकार, स्वतन्त्र न्यायपालिका, आधारभूत मानव अधिकार तथा मौलिक हक अधिकार जस्ता मूल्य मान्यताहरूलाई संविधानद्वारा नै प्रत्याभूत गर्नु अति आवश्यक हुन्छ। त्यसैले अब बन्ने नयाँ संविधानमा पनि यी मूल्य मान्यताहरूको संरक्षणका लागि हरेक तहबाट सम्बद्ध सबै पक्षले गम्भीरतापूर्वक ध्यान दिनु अत्यन्त जरूरी छ। तर हालका दिनसम्म पनि संविधानसभाले भावी संविधानका आधारभूत अन्तरवस्तुहरू जस्तैः राज्यको शासकीय स्वरुप, स्वतन्त्र न्यायपालिकाको स्वरुप र संरचनालगायतका कतिपय संवेदनशील र अति महत्वपूर्ण विषयहरूमा अझै पनि निर्णायक एवं स्पष्ट दृष्टिकोण र गन्तव्य निर्धारण गर्न सकेको देखिँदैन।

पछिल्ला केही दिन यता संविधानको व्याख्यालगायत न्यायिक पुनरावलोकनको अधिकार प्रयोगका लागि छुट्टै संवैधानिक अदालतको स्थापना गर्ने विषयमा राजनीतिक तहमा केही समझदारी भएको भन्ने कुरा प्रकाशमा आएको छ। सर्वोच्च अदालतको अधिकारक्षेत्र कटौती गरी समानान्तर प्रकृतिको संवैधानिक अदालत गठन गर्ने निर्णय गर्नु पहिले विद्यमान न्यायिक संरचनाअन्तर्गत सर्वोच्च अदालतबाट पूरा नभएको कुन उद्देश्य हासिल गर्न खोजिएको हो भन्ने सम्बन्धमा स्पष्ट चिन्तन, विचार विमर्श गर्दै लोकतन्त्रको सुदृढीकरणमा सर्वोच्च अदालतले आफ्नो स्थापनाकालदेखि नै पुऱ्याउँदै आएको योगदानको बारेमा वृहत समीक्षा गरिनु पर्दछ। अन्यथा फितलो तर्क र लहडको भरमा स्वतन्त्र न्यायपालिकाको योगदानलाई निस्तेज पार्ने, न्यायिक दृष्टिकोणहरू विभाजित गर्ने, न्यायपालिकाको अधिकारक्षेत्रलाई कटौती गर्ने उद्देश्यले न्यायपालिकाको संरचना फेरबदल गरिन पुगियो भने त्यो दुर्भाग्यपूर्ण हुनेछ। न्यायपालिकाको संरचनागत स्वरुपमा विनाऔचित्य फेरबदल गरिएमा अन्ततः ती सबै प्रयासहरू परोक्ष रूपमा स्वतन्त्र न्यायपालिकाविरूद्ध लक्षित गरिएको ठहरिने छन्। त्यसैले न्यायपालिकाको विद्यमान संरचनाको विकल्प खोज्ने विषयलाई विनाबहस वा अन्यत्र कतै प्रयोगमा रहेको कुनै नौलो स्वरुपको परीक्षण गर्ने ढंगबाट लिनु हुँदैन भनी मैले जोडदार रुपमा आफ्नो दृष्टिकोण राख्दै आएको पनि छु।

संविधानसभाका सम्माननीय सभामुखज्यू हाम्रो अगाडि नै हुनुहुन्छ। उहाँमार्फत् म सार्वभौमसत्ता सम्पन्न जनताद्वारा निर्वाचित जनप्रतिनिधिमूलक संस्था संविधानसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दल, सभासद्ज्यूहरू लगायत सम्पूर्ण नेपाली जनतासमक्ष के आग्रह गर्न चाहन्छु भने स्वतन्त्र न्यायपालिकाको मूल्य मान्यता वा न्यायिक संरचनाको संवेदनशील विषयलाई राजनीतिक सौदाबाजी वा आग्रहको विषय नबनाऔं ! अन्ततः स्वतन्त्र न्यायपालिका नै नेपाली जनताको हक अधिकार र स्वतन्त्रताको संरक्षण गर्ने अन्तिम आश्रयस्थल हो। नेपाली जनताले पटक-पटक गरेका संघर्ष र बलिदानहरू लोकतान्त्रिक राज्य व्यवस्थाकै सुनिश्चितताको लागि हो। त्यसैले लोकतन्त्रका आधारभूत मूल्य मान्यताहरूको संरक्षण गर्ने प्रश्नमा यो वा त्यो बहानामा आग्रह प्रदर्शित गर्ने चरित्रबाट सबैले मुक्त हुनु अति आवश्यक छ, तब मात्र साँचो अर्थमा स्वतन्त्र न्यायपालिकालगायत लोकतन्त्रका मूल्य मान्यताहरूप्रति हामीले प्रतिबद्धता जनाएको ठहरिने छ।

न्यायपालिकामा रही लामो समय न्याय सम्पादनका माध्यमबाट देश र जनताको सेवामा जीवन समर्पित गरिरहनु भएका न्यायकर्मीहरू बीच मैले यी भनाइहरू किन राखिरहेको छु भने अहिलेको यस संक्रमणकालीन अवस्थामा न्यायकर्मीले आफ्नो पदीय कर्तव्य निर्वाह गर्ने क्रममा अझ बढी संवेदनशील, कर्तव्यनिष्ठ, सचेत र समर्पित हुनु आवश्यक छ। न्यायाधीशको कार्यगत् र व्यक्तिगत स्वतन्त्रता, निष्पक्षता, न्यायप्रतिको निष्ठा, सदाचार, समान व्यवहार तथा सक्षमता र लगनशीलताबाटै न्यायिक जवाफदेहिता वा उत्तरदायित्व प्रदर्शित भै न्यायपालिकाको स्वतन्त्रतालाई सुदृढ गर्ने दिशामा उल्लेख्य सफलता प्राप्त भइरहेको हुन्छ। त्यसैले वर्तमान सन्दर्भमा न्यायकर्मीहरूको आचारसंहिताको विषय अझ बढी पेचिलो र सान्दर्भिक

बन्दै आएको छ। यस संक्रमणकालीन घडीमा तपाई हाम्रो आचरण, व्यवहार, जीवनशैली र चालचलनले समग्र न्यायपालिकाप्रति आमजनताको धारणा बनाउन अझ ठूलो भूमिका खेल्दछ। अहिलेको अवस्थामा सम्पूर्ण न्यायकर्मीहरू आफ्नो आचारसंहिताको पूर्ण पालनाको लागि अझ बढी प्रतिबद्ध र इमानदार हुनुहुनेछ भन्नेमा म पूर्ण विश्वस्त छु।

हामीले हाम्रो आफ्नै व्यवहार र आचरणलाई निष्कलंक एवं विवादरहित नबनाएसम्म न्यायपालिकाप्रतिको जनआस्था बचाई राख्न सकिँदैन। यही वास्तविकतालाई मनन् गरी हामीले वि.सं २०५५ सालमा आफूले आफैँलाई आचरणका नियमहरूमा बाँध्ने गरी सर्वप्रथम न्यायाधीश आचारसंहिता लागू गरेका थियौँ। त्यसैगरी न्यायाधीशहरूको प्रथम राष्ट्रिय सम्मेलन, २०६५ ले न्यायाधीशहरूको आचरण एवं व्यवहारका विषयमा अन्तर्राष्ट्रियस्तरमा प्रचलित आधारभूत सिद्धान्तहरू तथा मुलुकभित्र विद्यमान प्रचलन, व्यवहार, न्यायिक परम्परा र संस्कृतिलगायतका विविध पक्षलाई समेटी परिमार्जित रुपमा न्यायाधीश आचारसंहिता, २०६५ लाई पारित गरी लागू गरेका थियौँ। हाल सम्पूर्ण न्यायकर्मीहरू यसै आचारसंहिताअन्तर्गत समाहित भएका छौँ। यी आचरणका नियमहरू अरू कसैले बनाएर हामीलाई दिएको नभई तपाइँ हामी आफैँले आफ्ना लागि बनाई स्वीकार गरिएका नियमहरू हुन्। हामी आफैँले बनाएको आचारसंहिताको पालनाको विषयमा अरूले औँला उठाउने अवस्था आउन दिनु हुँदैन भन्ने तर्फ हामी सबै गम्भीर बन्न जरूरी छ। त्यसैले यी नियमहरूको पूर्ण पालना गरी न्यायिक कामकारवाहीलाई अझ बढी निष्पक्ष, पारदर्शी, स्वतन्त्र एवं सक्षमतापूर्वक सञ्चालन गर्नु तपाइँ हामी सबैको नैतिक एवं कानूनी दायित्व नै हुन आउँछ। आचारसंहिताको इमानदारितापूर्वक पूर्ण पालना गर्न सकेमा मात्रै हामीप्रति व्यक्तिगत एवं सामूहिक रूपमा उठाइने गरेका गुनासाहरू पनि कम हुँदै जान्छन् भन्ने मलाई लाग्दछ।

न्यायपालिकाको काम कारवाहीका सम्वन्धमा उठ्ने गरेका गुनासाहरूलाई सम्बोधन गर्ने सिलसिलामा "विकृतिविहीन न्यायपालिकाको विकास" अध्ययन कार्यदल गठन भई प्रतिवेदन समेत पेश भएको कुरा यहाँहरू सबैलाई जानकारी नै छ। सो प्रतिवेदनले आचारसंहिताको पालना नगर्ने प्रबृत्तिबाट पनि न्यायपालिकाप्रति आमजनताको तर्फबाट थुप्रै गुनासाहरू उठ्ने र न्यायाधीशप्रति टीकाटिप्पणी हुने गरेको तथ्यलाई उजागर गरेको छ। उक्त प्रतिवेदनको पूर्ण कार्यान्वयन गर्नेतर्फ विशेष सक्रियतापूर्वक काम भइरहेको परिप्रेक्ष्यमा न्यायाधीश आचारसंहिताको पूर्णपालना र त्यसको अनुगमन कार्यमा अझ बढी ध्यान जानु आवश्यक छ। पछिल्लो समयमा आचारसंहिताको पालनामा केही उदासीनता देखिएको कारण पनि न्यायाधीशहरूप्रति जनगुनासाहरू बढ्दै गएको अनुभव हामीले गरेका छौँ। यही अनुभवमा आधारित भएर आचारसंहिताको पालनाको स्थितिलाई न्यायाधीशको मूल्याङ्कन गर्ने एउटा आधारको रुपमा विकसित गर्ने प्रणालीको स्थापना गर्नेतर्फ हाम्रो प्रयास केन्द्रित रहेको छ। त्यसैले आचारसंहिताको पालना र अनुगमन प्रक्रियालाई अझ वस्तुगत र सबल बनाई यथार्थ सूचना प्राप्त गर्ने प्रयास पनि भइरहेको छ।

आजको यस कार्यक्रमको छलफल सत्रमा प्रस्तुत हुने कार्यपत्रहरूमाथि हुने विचार विमर्शबाट न्यायाधीश आचारसंहिताको महत्व र सान्दर्भिकतालाई अझ गहिरिएर बुझ्न मद्दत पुग्नेछ भन्ने मैले आशा लिएको छु। साथै आचारसंहिता पालनाको विषयमा देखिएका कमी कमजोरी लगायतका विषयमा हुने छलफलबाट तपाइँ हामी सबैले पुनः एकपटक आफूले आफैँलाई आत्मपरीक्षण गर्ने अवसर समेत प्राप्त हुनेछ। आगामी दिनमा न्यायाधीश आचारसंहिताको पालनातर्फ हामीले गर्नुपर्ने सुधारका क्षेत्र पहिल्याउन र स्वतन्त्र, स्वच्छ, पारदर्शी एवं निष्पक्ष, न्यायसम्पादनको कार्यमा दत्तचित्त रहिरहन यस कार्यक्रमले हामी सबैलाई निर्देशित गर्नेछ भन्ने मैले विश्वास लिएको छु। आचार संहिताको विषयमा केन्द्रित भई न्यायपरिषद्ले यो अनुशिक्षण कार्यक्रम आयोजना गरेकोमा म पुनः एकपटक आयोजक न्यायपरिषद् परिवारलाई धन्यवाद दिन चाहन्छु। साथै कार्यक्रमको पूर्ण सफलताको कामना गर्दै यहाँहरूसँग विदा हुन चाहन्छु।

***धन्यवाद।***